# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०२/०६

चौथो अधिवेशन

(तेस्रो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको तेस्रो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **मा० सदस्यहरु,**

अब, **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरू,**

अब, म उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सभामा सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

***(प्रस्ताव पेस भएपछि)***

४. **माननीय सदस्यहरू,**

अब, म **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न**

**बनेको विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

| |
|---|
| **("हुन्न" भन्ने आवाज सुनिए)** |
| "हुन्छ" भन्ने माननीय सदस्यहरु भन्दा हुन्न भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्ताव बहुमतले स्विकृत भएको घोषणा गर्दछु । |

***(घोषणा पछि)***

५. **माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम माननीय **महेश दत्त जोशी** लाई समय दिन्छु ।

**माननीय महेश दत्त जोशी :** माननीय सभामुखज्यू **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** सदनमा आएको छ । उद्योग पर्यटन बन तथा बाताबरण मन्त्रालयलाई सभामुख मार्फत हार्दिक धन्यवाद दिन चाहान्छु । सुदूरपश्चिम प्रदेशमा पनि उद्योग धन्दा र व्यवसाय गर्ने नीजि क्षेत्रका व्यक्तिहरुका लागि पनि यो विधेयकले एउटा अवसर सृजना गर्ने छ । सहकारी क्षेत्रका उद्योग धन्दा, कलकारखाना तथा व्यवसाय गर्नेलाई पनि यो विधेयकले एउटा कानूनी आधारदिने छ भने सरकारले पनि उद्योग धन्दा कलकारखाना संचालनका लागि यो विधेयकले एउटा आधारशिला खडा गर्ने तीन वटै क्षेत्र हाम्रो सरकारी क्षेत्र, सहकारी क्षेत र नीजि क्षेत्रको औद्योगिक तथा व्यवसायिक क्षेत्रलाई यो विधेयक आवश्यक थियो र यो विधेयक आएको छ । यसको सैद्धान्तिक कुरा गर्दादेरि मैले यो विधेयक माथि छलफल गर्ने साथिहरु र यो विधेयक भित्र रहेका धेरै कुराहरु छलफलमा आउने छन् तर धेरै कुराहरु यो ऐन भएको कारणले यसमा मसिना कुराहरु राख्न हुन्न धेरै कुराहरु तोके बमोजिम तत् मन्त्रालय र तत्तत् डिभिजनहरुले गर्ने भएको हुनाले यो विधेयक भित्र धेरै मसिना कुराहरु सामान्य नियम, सामान्य निर्देशन, सामान्य एक महिनामा परिवर्तन हुने, छ महिनामा परिवर्तन हुने कुराहरुलाई विधेयकमा राख्नु हुदैन त्यस्ता कुराहरु विधेयकमा राख्दा खेरी प्राविधिक कुराहरुले समस्या हुन जान्छ । त्यसैले यो विधेयक महत्वपूर्ण विधेयक रहेको छ सुदूरपश्चिम प्रदेशका लागि यसको शिर्षक पनि अलिकता ७ वटै प्रदेशका लागि भनेर संघीय सरकारले पठाएको कारणले प्रादेशिक लेखिया छ । स्वभाविक यसलाई अब प्रादेशिक भनिरहनु पर्दैन अद्योगिक व्यवसायिक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तलतिर सुदूरपश्चिम प्रदेश छदैछ । त्यसैले यसको नामाकरण पनि एक किसिमले प्राविधिक हिसाबले मिलेको छैन यि कुराहरु भित्रका कुराहरु हामीले फेरी पनि विषयगत

समितिमा छलफल गर्ने नै छौ यो विधेयक आवश्यक छ, महत्वपूर्ण छ र यो विधेयकको सन्दर्भमा कुरा गर्दा खेरि बाताबरण विधेयक जुन अगाडि हामीले यो सुदूरपश्चिम प्रदेश सभाले पारित गरिसकेको छ त्यो बाताबरणले यसलाई आकर्षित गर्दछ सभामुख महोदय हामीले त्यो भित्र बाताबरणिय परिक्षण मुल्यांकन ईन्भाइरोमेन्टल ईमेन्ट एसिसमेन्ट भनेर जुन ई.आई.ए. को कुरा गरेका छौ यो कुराहरु फेरी यो विधेयकमा राख्नु आवश्यक छैन सभामुख महोदय किन भने एउटा विधेयकले एउटा काम पारित गरिसकेपछि फेरी पनि त्यहि कुरालाई फेरी सम्पूर्ण विधेयकहरुमा राख्न कुनै औद्योगिक मैत्रिपूर्ण हुन सक्दैन हामी उद्योग गर्ने व्यक्तिहरुलाई प्रोत्साहन दिने तिनिहरुलाई सहयोग गर्ने हो सरकारले न कि बाधा गरेर अल्झाउने काम गर्ने व्यक्तिलाई काम गर्न नदिने, काम गर्ने संस्थालाई फेरी अल्झाउने कुरा गर्यो भने त्यो औद्योगिक मैत्री विधेयक हुन सक्दैन त्यसैले फेरी फेरी पनि यो विधेयक भित्र हामीले बाताबरण परिक्षण मुल्यांकन भनेर राखिरहनु कुनै आवश्यक छैन स्वभाविक अहिले हाम्रो सुदूरपश्चिम प्रदेशमा राम्रो बाताबरण छ, राम्रो बनजंगलको उपस्थिति छ, राम्रो प्राकृतिक स्रोत साधन छन् र प्राकृतिक स्रोत साधन मै टेकेर उद्योगधन्दा, कलकारखानाहरु खोलिन्छन् । प्राकृतिक स्रोत साधनकै प्रयोग गरेर हामीले सुदूरपश्चिम प्रदेशको समृद्धि गर्नेहो र फेरी पनि प्राकृतिक स्रोत साधनलाई प्रयोग गर्नु हुन्न भन्ने मनसायले हामीले विधेयकमा उद्योग धन्दा, कलकारखानालाई बाध्न खोज्यौ, हामीले बाटाहरु साघुरा बनाईदियौ भने उद्योगधन्दा कलकारखानाहरु खुल्दैनन यहा आउँने कुनै पनि औद्योगिक क्षेत्रका ठुला घरानिया उद्योगहरु यहा आउन सक्दैनन यसका लागि विधेयकलाई अलि सजिलो बनाउनु पर्छ । अलिकता उद्योगमैत्री विधेयक बनाउनु पर्छ न कि झन्जटिलो र एकडोर सिष्टम संघीय सरकारले पनि एकडोर सिस्टम बनाईरहेको अवस्थामा यहा खोल्ने उद्योगधन्दा, कलकारखाना र व्यवसायलाई हामीले एउटै ढोकाबाट, एउटै कार्यालयबाट सजिलो तरिकाले कानूनी सेवा दिनलाई हामीले यो विधेयक पारित गर्नु पर्छ र यो विधेयकको मनसाय पनि त्यहि हुनुपर्छ र सुदूरपश्चिम प्रदेशमा छिट्टै राष्ट्रिय स्तरका, अन्तराष्ट्रिय स्तर र स्थानीय स्तरका उद्योगधन्दा, कलकारखाना खोल्नको लागि औद्योगिक र व्यवसाय मैत्रीपूर्ण यो विधेयक पारित हुनेछ भन्ने हामीले विश्वाश लिएका छौ सभामुख महोदय यो महत्वपूर्ण विधेयकलाई फेरी पनि यहाँका उद्योगपतिहरुले, यहाका व्यवसायहरुले स्वागत गरुन त्यो आधारमा यहाका उद्योगपति र व्यापारिहरुको व्यक्तिगत रुपमा र संस्थागत रुपमा हामीले सुझाव लिएर यो विधेयकलाई पारित गर्नु पर्छ तब मात्रै सुदूरपश्चिममा उद्योगधन्दा, कलकारखाना खुल्नेछन् सभामुख महोदय त्यसैले यो महत्वपूर्ण विधेयक छ भन्दै म मेरो भनाई टुंग्याउछु धन्यवाद ।

**मा० मालामति देवी राना :** माननीय सभामुख महोदय, नेपालको संविधानको धारा १९७ बमोजिम प्रादेशिक व्यवसायिक ऐन, २०७५ भित्र रहि आज हामी साना, मझौला, ठुला उद्योग दर्ता गर्न पाउनुपर्छ भन्ने उद्देश्यले हामी प्रादेशिक व्यवसायि ऐन बनाउन गइरहेका छौ सभामुख महोदय तर कार्यान्वयन पाटो कत्तीको लाभदायिक हुन्छ, हुदैन त्यो हेर्न बाँकी छ जुनसुकै उद्योग खोल्ने अनुमति पहुचको आधारमा हुनु भएन जनसेवामुखि उद्योग हुनुपर्छ जहा सबै खरिब हलिया, निमुखा पछि परेको बर्ग, दुरदराजमा रहेका जनताले मेरो प्रदेश मेरो उद्योग भन्ने भनेर अनुभुति गर्न सकोस यस्तो खालको हामीले उद्योग हामीले खोल्नु पर्छ जुन उद्योगबाट सबैले लाभ लिन सकुन क्षमता अनुसारको सहज रुपले उद्योग खोल्न पाउनु पर्छ यस प्रकारको ऐन बन्नु पर्छ सभामुख महोदय, मेरो शुभकामना छ । सभामुख महोदय उद्योग तथा लगानी प्रवर्द्धन एउटा समिति यसमा बनाइएको छ मेरो सुझाव छ सभामुख

महोदय जुन समितिमा प्रादेशको उद्योग हेर्ने मन्त्रालयको मन्त्री वा राज्यमन्त्री अध्यक्ष, प्रदेशको उद्योग हेर्ने मन्त्रालयको राज्यमन्त्री तथा उद्योग मन्त्रीले अध्यक्षता गरेको व्यवस्था मा सदस्य पदेन सदस्यहरुमा थुप्रै यसमा विभिन्न मन्त्रालय विभिन्न सरकारी कार्यालयका विभिन्न ओहोदामा रहेका राष्ट्रसेवक कर्मचारीहरु सदस्य रहने गरि व्यवस्था गरिएको छ सभामुख महोदय मेरो सुझाव छ प्रतिपक्षबाट यसमा पनि यस समितिमा एउटा प्रतिनिधी राखेको भए राम्रो हुनेथियो सभामुख महोदय त्यस कारण यो विधेयक चाहि आफैमा महत्वपूर्ण विधेयक हो यो विधेयक दफावार छलफलको लागि सम्बन्धित समितिमा जाओस धन्यवाद ।

**मा० गोविन्द राज बोहरा :** माननीय सभामुख महोदय, जुन हाम्रो प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ आएको छ यो असाध्य राम्रो छ यो विधेयकले हाम्रो प्रदेशमा एउटा ठुलो आयाम थप्नेछ र यसका सँग सँगै अर्को महत्वपूर्ण कुरा के छ भनेपछि हाम्रो प्रदेश चाईने औद्योगिक क्षेत्रबाट ईन्ट्री भएको प्रदेश हो केहि ठाउँ केहि प्रदेशहरु चाइने विजनेस हब पनि बनेका छन् उद्योगधन्दा खुलेका छन् सुदूरपश्चिम प्रदेशमा त्यस्तो कुनै पूर्वाधार बनेको छैन र हामीले कानून बनाउदा खेरी औद्योगिक कानून बनाउदा खेरी कमसेकम हाम्रो प्रदेशमा उद्योग धन्दा प्राईभेट सेक्टरमा जति व्यक्तित्वहरु यो प्रदेशमा आउन सक्छन् त्यसलाई सुविधाजन व्यवस्थाहरु हामीले बनाउनुपर्ने जरुरी छ र उद्योगधन्दा खोल्न सकेन भने हाम्रो बेरोजगारी हटाउन पनि हामी सक्दैनौ त्यसैले सुदूरपश्चिमलाई औद्योगिक क्षेत्र बनाउँनका लागि हामीले विभिन्न कानूनहरु स्थापित गर्नुपर्ने अवस्था हाम्रो सामुन्यमा आएको छ र औद्योगिक सुरक्षा अनिवार्य हुन्छ कुनै पनि उद्योग स्थापना गर्दाखेरी त्यो औद्योगिक क्षेत्र पूर्वाधारहरुलाई सुरक्षाका दृष्ट्रिकोणले पनि हेर्नुपर्ने अवस्था हुन्छ । हामी सुदूरपश्चिम प्रदेशले ती कुराहरु ध्यान दिएर अगाडि बढाउनु पर्ने अवस्था छ जस्तरी आज हामी बारम्बार भनि राखेका छौ पर्यटन व्यवसाय पर्यटन, उद्योगलाई अगाडि बढाउनु पर्छ भन्ने हाम्रो एउटा नारा बनेको छ साच्चिकै सुदूरपश्चिमका लागि पर्यटन व्यवसाय धेरै अगाडि बढ्न सक्छ पर्यटन उद्योग धेरै अगाडि बढ्न सक्छ पर्यटन उद्योगका लागि कुनै रअ मेटेरियल हुदैन रअ मेटिरियलको उद्योग व्यवसायलाई अगाडि बढाउनका लागि हामीले त्यसका पूर्वाधारहरु तयार गर्नुपर्ने आवश्यकता र हाम्रो प्रदेशमा त्यसका लागि पूर्वाधारहरु अहिले सम्म बनिसकेका छैन । पर्यटन व्यवसायमा मात्रै हामीले चाइने अगाडि बढ्न सक्यौ भने सुदूरपश्चिम प्रदेशको उन्नतीको बाटो खुल्ने छ भन्ने हामीले विश्वाश गर्नेछौ र यसका लागि पर्यटन स्कुलहरु खोलेर हामीले त्यसमा ट्रेनिङ दिएर ति पर्यटकीय स्थल जति छन् ति स्थलहरुको अध्ययन गरेर त्यसको स्कुलिङ गराएर त्यसको व्याख्या हुन सक्यो भने पर्यटन व्यवसाय अगाडि बढ्छ भन्ने मैले बुझेको छु र यो उद्योग खोल्दाखेरी हाम्रो विधेयकमा बालबालिका श्रम सम्बन्धि जो कुराहरु छ साच्चिकै राष्ट्रिय लेवलमा हेर्दाखेरी बालबालिका जति उद्योगहरु खुलेका छन् त्यसमा श्रमको व्यवस्था त्यति राम्रो सँग हुन सकेको छैन र बालबालिकालाई प्रयोग गरेर श्रम बढी गराउने, त्यसको आर्थिक उन्नती कम गराउने हिसाबले जुन भैराखेको छ हाम्रो प्रदेशमा यि कल्पना गर्दाखेरि हामीले पहिले नै यसबाट सचेत भएर बालबालिकालाई त्यतातिर नढालेर श्रमको एउटा बराबर श्रम जसले गर्छ त्यसको बराबर आर्थिक उन्नती होस भन्ने हामीले त्यसको परिकल्पना गरेर अगाडि बढाउनु पर्छ र यो विधेयकमा धेरै महत्वपूर्ण कुराहरु छन् जसलाई छलफल गर्नुपर्ने मसिनो रुपले हेर्नु पर्ने आवश्यकता भएका नाताले पर्याबरणका हिसाबले र अन्य हिसाबले हेर्नुपर्ने आवश्यकता भएको कारणले सम्बन्धित समितिमा बसेर यसको छलफल गर्नु पर्छ भन्ने म अनुरोध गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय रतन बहादुर थापा :** माननीय सभामुख महोदय, प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धी विधेयक जुन आएको छ बास्तवमा यो एकदम राम्रो विधेयक हो र यो आवश्यक छ जब सम्म देशको उन्नती गर्नका लागि औद्योगिक रुपमा देशको विकास हुदैन तब सम्म प्रदेश विकास हुदैन प्रडक्शन उत्पादन जब सम्म राष्ट्रको अगाडि बढ्दैन तब सम्म देशको उन्नती हुदैन र हामीले विधेयक ल्याएका छौ यसलाई यसरी हेर्दा खेरी राम्रै लागेको छ तर पनि प्रदेशले चाहि उद्योग चलाउने गर्न सक्ने भनेको छ कस्ता खालका उद्योगहरु गर्न सक्ने र यहाको माटो सुहाउदो जस्तै उदाहरणको लागि पर्यटनलाई मात्र व्यवस्थापन गर्न सक्यो भने यतातिर दुई देशका जनसंख्याको आधारमा १ प्रशेन्ट उत्तर र दक्षिणबाट आयो भने दुई ढाई करोड जनसंख्या आउछ यहा नेपालमा र नेपालको जनसंख्या बराबर पर्यटन हुन्छ । अब तिनि पर्यटनहरु कसरी आउछन त तिनिहरु आउनको लागि हामीले के उद्योगहरु गर्दा कस्तो गर्दा हुन्छ कसरी सफल गर्ने त्यसमा हामीले फोकस गर्नुपर्ने हुन्छ । उदाहरणको लागि एउटा ताला बनाउन भन्दा पहिला साचो बनाइन्छ ताला बनाउने उद्योगले के गर्दो रहेछ भने पहिला साचो बनाउदो रहेछ अनि त्यसपछि ताला बन्दोरहेछ भनेपछि हामीले कुनै पनि चिजहरु पहिला बनाउनु भन्दा पहिला त्यो साचो के हो भन्दा हाम्रा विधेयकहरु हाम्रा कार्यक्रमहरु के हुनुपर्यो त पहिला हामीले त्यो साचो बनाए जस्तै विधेयकमा चाहि यसमा ल्याउनु पर्छ हाम्रो देशको समस्या के छ भने एउटा उद्योग दर्ता गर्न जादा खेरी यति झन्जेटिलो छ मैले सुनेको थिए त्यो जुन केवलकार नेपालमा पहिलो चोटि भएको थियो त्यो तीन बर्ष चाहि दर्ता गर्न लाग्या थियो । अहिले पनि केवलकार दर्ता गर्न हामी लागि राख्या छौ दुई बर्ष भैसक्यो । निर्माण पिरियड एक डेड बर्ष छ एउटा सानो उद्योग दर्ता गराउन जादा खेरी पनि तीन चार दिन लाग्छ र धेरै मान्छेहरु यो झन्जेटको कारणले स्याना स्याना उद्योगहरु पनि दर्ता गरेका छैनन । एकातिर राजश्व चाहि घटेको छ अर्कोतिर झन्जेटिलो भएकोले यसलाई कसरी सहज बनाउन कसरी सकिन्छ यसलाई पनि हामीले जोड दिनु पर्छ । फिल्डमै जान सकिने कुराहरु छ अब केशरको कुरा गर्दा हामीले के बेच्न सक्छौ त यहाबाट त्यो कुराहरुको निर्माण उद्योग त भनेको छ त्यो उद्योग निर्माण भनेको केशर सरि हो अथवा काठको हाम्रो चाहि काठ हाम्रो यहा प्रयाप्त छ त्यस कारण काठ हामीले स्यानो सलाईको काटि देखि लिएर ठुलै कामहरु गर्न सक्छौ त्यसको कुन उद्योगहरु गर्न सकिन्छ त्यस्तै खालको सिजनिङ गर्ने काठलाई चाहि त्यसको आयु बढाउनका लागि यस्ता यस्ता उद्योगहरु हामीले गर्नुपर्ने छ र यसलाई अलि ब्रिफिङ रुपमा शिर्षक देखि लिएर अरु कुराहरु पनि हामीले यसमा हेर्नुपर्ने कुरा भएकोले यसलाई दफावार छलफलको लागि चाहि लग्नै पर्ने हुन्छ र यसलाई राम्रो बनाउनको लागि हाम्रो मैले अघि भनेजस्तै ताला बनाउनु भन्दा साचो भनेजस्तै यसलाई अलि परिपक्क बनाउनको लागि हामीले यसलाई हेर्नुपर्छ र यसलाई दफावार छलफल गरेर यसलाई ल्याउँनु पर्छ भन्ने कुरा राख्दै मेरो भनाई अन्त गर्दै विदा हुन्छु धन्यवाद ।

***(बोलिसके पछि)***

६. **माननीय सदस्यहरू,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरू,**

अब, म उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको सामान्य छलफलमा उठान

भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**(नाम उपलब्ध नभएमा)**

**माननीय सदस्यहरु,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को सामान्य छलफलमा बोल्न कुनै पनि माननीय सदस्यहरुको नाम उपलब्ध भएन । तसर्थ प्रस्तुत विधेयकका प्रस्तावक उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टबाट जवाफ लिईरहनु नपर्ने व्यहोरा जानकारी गराउछु ।

***(जवाफ दिएपछि)***

माननीय सभामुख महोदय, औद्योगिक व्यवसाय गर्न बनेको विधेयक माथि छलफलमा भाग लिनुभयो माननीयज्यूहरुले महत्वपूर्ण विषयमा छलफल गर्नु भएको छ विषय उठान गर्नुभएको छ नामांकन कै विषय पनि प्रादेशिक औद्योगिक व्यवसाय ऐन भन्न हुने हो कि होईन भन्ने कुरा उठेको छ । उद्योग दर्ता गर्दाखेरी धेरै झन्जेटिलो छ तीन चार बर्ष लाग्ने अवस्था रहेको छ औद्योगिक विकास हुन धेरै गारो छ र औद्योगिक विकास व्यवसाय ऐन भित्र पनि अहिले विधेयक जो हामीले दर्ता गरेका छौ टेबुल भएको छ यस भित्र पनि थुप्रै विषयबस्तुहरु छुटेका पनि छन् समावेश पनि गर्नुपर्ने होला र थप कुरा पनि आउनुपर्ला भनेर सुझाव आएको छ । माननीयज्यूहरुले राख्नुभएको कुरा महत्वपूर्ण छ अहिले सम्म यो सुदूरपश्चिम प्रदेशमा कतिवटा उद्योग छन् त तथ्य तथ्यांक छैन नयाँ खोल्नु पर्नेका लागि गर्नुपर्ने हामीले कहा जानुपर्नेहो अथवा कहा हामीले स्वीकृति पाउने हो भन्ने सम्मका विषयबस्तु पनि जानकारीमा छैनन अब माथि गएर संघीय सरकारले गर्नुपर्ने उद्योग दर्ता अनि नवीकरण, स्तान्तरण यि विषयहरु झन्जेटिलो भएको हुनाले तत्काल यो विधेयक पेश हुनु पर्छ भन्ने जनताको माग अनुसार सदनमा पेश भएको छ र महत्वपूर्ण छलफलमा भाग लिनु भयो फेरी समितिमा जान्छ र यि थुप्रै विषयहरुको निराकरण हुनेगरि यो विधेयकमा प्रश्न उठाएर, छलफलमा भाग लिएर सहयोग गर्नुहुने छ र सबैको सहयोगले यो विधेयक पूर्ण हुनेछ भन्ने आशा राख्दै विदा हुन्छु धन्यवाद ।

८. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले ७२ घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

***(जानकारी गराएपछि)***

९. **माननीय सदस्यहरू,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

१०. **माननीय सदस्यहरू,**

अब आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले मिति २०७६।२।२ गतेको सभाको बैठकमा सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐनको दफा ९ र प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्तुत गरेको आ.व.२०७६।०७७ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको कार्वाही प्रारम्भ हुन्छ ।

११. **माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई आ.व.२०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथि सभामा छलफल गरियोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७५।०७६ को लागि विनियोजन विधेयकको उद्देश्य, सिद्धान्त, प्राथमिकता र प्रमुख नीति सम्बन्धमा राय सुझाव एवं मार्गदर्शनको लागि छलफलद गरियोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

१२. **माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बाहराले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ आ.व.२०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**("हुन्न" भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरु भन्दा हुन्न भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले आ.व.२०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव बहुमतले स्विकृत भएको घोषणा गर्दछु ।

१३. **माननीय सदस्यहरु,**

अब आ.व.२०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय अक्कल बहादुर रावल लाई समय दिन्छु । (समय १० मिनेट)

माननीय अक्कल बहादुर रावल : सभामुख महोदय, हामी आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकको उद्देश्य, सिद्धान्त, प्राथमिकता र प्रमुख नीति कर बाहेकको प्रस्तावका बारेमा हामी छलफल गरिराखेका छौ । आफैमा यो विषय आर्थिक दृष्टिकोणले राजनैतिक परिवर्तन पछि या राजनैतिक महत्वका विषयहरु भन्दा दोस्रो राज्यको मुख्य बहसको विषय अर्थतन्त्र हो । कुन देशको अर्थतन्त्र कस्तो छ भन्ने कुराले त्यो देशको मुहार कस्तो हुन्छ भन्ने कुराको परिकल्पना गर्न सकिन्छ । त्यसैले हाम्रो सरकारको नारा समृद्ध नेपाल र सुखि नेपाली भन्ने जुन नारा छ त्यसलाई पुरा गर्नका निम्ती हामीले हाम्रो यो देशको र हाम्रो प्रदेशको पनि अर्थ नीति कस्तो बनाउने र हाम्रा सिद्धान्तहरु के हुनुपर्छ र हामीले प्रदेशको समृद्धिको प्रतिफल प्राप्त गर्नका निम्ती हाम्रा चुनौतिहरु के के हुन भन्ने सन्दर्भमा यो गरिमामय प्रदेश सभामा छलफल हुन आवश्यक छ । छलफल पनि भैराखेका छन् र अझै गहन ढंगले हाम्रा अगाडि आएका चुनौतिरुलाई समाधान गर्दै अगाडि बढ्नका निम्ती अझै व्यापक छलफलको खाचो रहेको मलाई पनि महसुस भएको छ । त्यसैले गर्दा विशेष गरिकन हाम्रो अहिले सम्मको परम्परा कस्तो देखिएको छ भने २००७, २०३६ साल, २०४६ साल र २०६२, २०६३ सम्मका परिवर्तनहरु जति भए राजनैतिक परिवर्तनहरुमा हामी सफल भएका छौ र जब राज्यको अर्थनीतिको प्रश्न आउछ जब समृद्धिको जनतालाई अनुभुत दिलाउने कुरा आउछ हामी असफल हुदै आई राखेको तीतो यथार्थ हाम्रो अगाडि छ । त्यसैले गर्दा सजिलै तरिकाले राजनैतिक परिवर्तनहरु सम्भव हुने तर आर्थिक रुपमा राज्यलाई ठिक ठिक ढंगले हाक्न नसक्दा खेरि ठुल ठुला राष्ट्रको ठुलठुला विश्वका ईतिहास पनि छन् र हाम्रै नेपालको पनि यहि ठिक ठिक ढंगले हिजोको अवस्थामा सामन्तबादले आफ्नो वरिपरि राज्यको स्रोतलाई आफ्नो वरिपरि राख्यो र दुरदराजको बस्ती सम्म राज्य पुग्न नसकेको अनुभुति गर्न पाए र जसका कारणले गर्दा जनताहरुमा ठुलो आक्रोस भयो र अहिले पछिल्लो चरणमा हामीले जुन गणतन्त्रको संस्थागत विकासको प्रक्रियामा हामी छौ हामीले एउटा ठुलो राजनैतिक परिवर्तन त गरेका छौ तर फेरी पनि जनताहरु निराशा हुनु पर्ने अवस्था जो छ अब हामीले यो कुरालाई नेपालको अर्थनीतिलाई, नेपालको आर्थिक अवस्थालाई हामीले नयाँ ठाउबाट अगाडि बढाउन सकेनौ भने फेरी पनि जनताहरुमा निराशा पैदा हुने र हिजो एकात्मक शासन प्रणालीले सकेन हामी संघीय शासन प्रणालीमा आयौ र फेरी पनि संघीय शासन प्रणालीमा पनि आउदा खेरी फेरी अर्थनीति त्यहि कछुवाको तालमा अगाढी बढ्ने कछुवाको गतिमा अगाढी बढ्ने र खुट्टाले टेक्ने न भईकन हातले टेक्ने अर्थनीति हुन थाल्यो भने हाम्रो समाजमा फेरी पनि जनताका जीवनस्तरहरु त्यहि अवस्थामा हुने खतरा रहन्छ त्यसैले गर्दा हामीले आन्दोलनको बेला जनताको विचमा हामीले परिवर्तनका कुरा, समाजमा विकास निर्माणका कुरा, शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टीका कुरा गर्छौ तर हामी जब राज्य व्यवस्था परिवर्तन गरिसकेपछि ती कुराहरु हाम्रालागि फलामका चिउरा हुनेगरेका छन् त्यसैले गर्दा सजिलै हामीले जति नाराहरु लगाउदै जान्छौ ती नाराहरुलाई पुरा गर्नका नीम्ती पनि त्यहि अनुसारको मेकानिजमको आवश्यक हुन्छ, त्यहि अनुसारको संयन्त्रको आवश्यकता हुन्छ, त्यहि अनुसारको नीतिको आवश्यकता हुन्छ । अहिले भनिन्छ अहिले यदाकदा

भनिन्छ तपाईहरु हामी संसदमा छौहामी प्रदेश सभामा छौ तपाईहरु नीति निर्माणको तहमा हुनुहुन्छ यतातिर बजेट विनियोजनका बारेमा विकास गर्ने कुराहरुमा तपाईहरु छलफल नगर्नुहोस जनप्रतिनिधी हौ हामी हामी नीति निर्माण गर्ने  दायित्व पनि हाम्रा अगाडि छ भने जनताका थुप्रो आवश्यकताहरुलाई सम्बोधन गर्ने दायित्व पनि हाम्रा अगाडि छ त्यसैले गर्दा हामीले नीति निर्माण र अर्कोतिर जनप्रतिनिधीहरुको भूमिका पनि दोहोरो भूमिका निभाउनु पर्ने जुन आवश्यकता छ त्यो कुरालाई अहिलेको राज्यको संयन्त्रले हामीलाई यसबाट कटाउने र फेरी पनि हिजोको सामन्तवादमा फेरी एकाधिकार जमाउने र यो समाजलाई अगाडि बढाउने कुराको जुन खाचो हो त्यसलाई कतैन कतै अल्झाई राख्ने र जनताबाट यो व्यवस्था प्रतिको वितृष्णा जगाएर फेरी पुरातनवादी सोच पुर्नस्थापना गर्ने खालको सोच त्यो हाबी हुन खोजिराखेको छ यसबाट हामीले चनाखो हुनु पर्ने जरुरी छ त्यसैले गर्दा मुख्यगरिकन संघीयताको मर्म अनुसारको अब हामीले बजेट विनियोजन गर्ने र आर्थिक नीति तय गर्नुपर्ने कुराको खाचो छ यसमा धेरै कुराहरुको हामीले सम्बोधन गर्नुपर्थ्यो केहि कुराहरु छुटेको पनि मलाई महशुस हुन्छ यद्यपी आगामी कार्यक्रमहरुमा फेरी बजेटको नीति तथा कार्यक्रम आउँन बाँकी नै छ हामीले यसलाई बहसको थलो बनाउनु पर्छ हाम्रो बहसले हाम्रो प्रदेशलाई कस्तो समृद्ध कसरी हामीले समृद्ध बनाउन सक्छौ भन्ने कुराको यो बहसले एउटा आधार तयार गर्न सकोस त्यसैले गर्दा यसमा धेरै कुराहरु विशेष गरिकन हामीले सानातिना उद्योग, धन्दाहरु चलाउने कुराहरु त छदै छ तर व्यापक ढंगले प्रदेशका ठुलठुला आयोजनाहरु संचालन गरेर, उद्योग धन्दाहरु संचालन गरेर प्रदेशलाई एउटा औद्योगिकणतिर लैजाने खालको सपना पनि यसले यो हाम्रो बजेटको सिद्धान्त तथा प्राथमिकता भित्र पर्नुपर्छ जस्तो मलाई लाग्छ । त्यसैले सँग सँगै अहिले हामीले प्रदेशको राजधानी पनि नामाकरण पनि टुंग्याएका छौ र राजधानीको पनि टुंगो लगाई सकेका छौ त्यहा वरिपरि हुने हाम्रा आर्थिक क्रियाकलापहरु र प्रदेशको राजधानी वरिपरि हुने आर्थिक क्रियाकलापहरु त्यसलाई नमुना बनाउने कुराले हाम्रो संघीयताको भविष्य त्यसमा पनि जोडिएको छ । त्यसैले गर्दा अब राजधानीको व्यापक खाका सहित अब हामीले सुन्दर राजधानी कस्तो बनाउन सक्छौ, सुदूरपश्चिमको मुटु कस्तो बनाउन सक्छौ । मुटु एकदम सक्रिय हुन सकेन भने हाम्रा शरिरका अंगहरुमा हामी चेक गर्छौ औलामा रगत संचालन हुन सकेन भने त्यो औला मर्छ त्यसैले गर्दा त्यो सबै ठाउँबाट संचार हुने केन्द्र भनेको मुटु हो मुटुबाट संचार अगाडि बढाउनका नीम्ती हरेक अंग सम्म सहि सहि ढंगले पुग्नुपर्ने हुन्छ तर राजधानी र त्यस पछिका हाम्रा प्रदेशका जुन जुन निकायहरु छन् त्यहा त्यहा सम्म हामीले विकासको मार्गलाई सहज ढंगले पुऱ्याउनका निम्ती हामीले कुन कुन खालको प्लानिङ गरिराखेका छौ । सडकको संरचना कसरी सोचिराखेका छौ, त्यो आधारमा हाम्रो प्रदेश समृद्ध हुन्छ कि जस्तो मलाई लाग्छ हामीले उर्जा क्षेत्रमा हामीले के गर्ने सोचिराखेका छौ अझै भन्ने हो भने समग्रमा सुदूरपश्चिमको समग्र तथ्यांकको खाचो यो छ हाम्रो गरिबीको अवस्था के हो ? हाम्रो आर्थिक प्रति व्यक्ति आयको अवस्था के हो ? अनि बाजुरा जिल्लाको अवस्था के हो ? अछाम जिल्लाको अवस्था के हो ? बैतडि जिल्लाको अवस्था के हो र कैलाली जिल्लाको अवस्था के हो ? कृषि क्षेत्रमा कुन कुन जिल्लाको अवस्था के हो ? यि सबै कुराहरुको हाम्रो गरिबीको अवस्था के हो ? हाम्रो शैक्षिक अवस्था अब दक्ष जनशक्तिको अवस्था के हो यि देखि लिएर यि व्यापक कुराहरुको खोजि गर्ने कुरा पनि यो नीति भित्र, यो सिद्धान्त भित्र, हाम्रो प्राथमिकता भित्र पर्नु पर्छ ताकि हामीले देश भित्र रोजगारी नपाएर विदेशिनेहरुको संख्या उस्तै छ हुन त हामीले समाजवादको कुरा गरिराखेका छौ देशमा रोजगारी नपाएर विदेशिने थुप्रो युवाहरुको संख्या त्यतिनै छ र अर्कोतिर देश

भित्र दक्ष जनशक्ति नभएर बाहिरबाट रोजगारीको नीम्ति ल्याउँनु पर्ने संख्या पनि उत्तीकै छ । त्यसैले गर्दा हामीले युवाहरुलाई दक्ष जनशक्तिमा परिणत गर्ने कार्यक्रम पनि हामीले आगामी नीतिमा ल्याउँन जरुरी छ । आगामी नीति तथा कार्यक्रमले हामीले त्यसलाई समावेश गर्न जरुरी छ त्यसैले गर्दा महत्वपूर्ण चुनौतिको कुरा हामीले शब्दमा समाजवाद लेखौला तर के हो भने आज आउदाखेरी विशेष गरि दलाल पूँजीवाद हरेक ठाउमा एकाधिकार पुजीवादले पुरै जरा गाडिराखेको अवस्था छ हिजोको अवस्थामा सामन्तवादले जरा गाडेको थियो आज सामन्त वादको स्वरुप एकाधिकार पुजीवादले लिईराखेको छ त्यसैले गर्दा त्यहा जनताको अनुहार हामीले भनेको चुनावको बेलामा हामीले अभियानको बेला भन्यौ यो समाज परिवर्तनको बेला भन्यौ हामीले सामुहिक राजनैतिक ढंगले पनि भनेका छौ त्यसैले गर्दा दुरदराजका जनताहरुका अनुहार हेरेर हामीले कार्यक्रम बनाउने कुरा अत्यन्तै गरिब हामीले कोल्टीका माथि अत्यन्तै दुर्गम बस्तीका जनताहरुको अनुहार हेरेर हाम्रो कार्यक्रम तय गर्नुपर्छ भन्ने कुरा र पिछडिएका क्षेत्र, जाति र समुदायहरुको अनुहारमा हाम्रो कार्यक्रम झल्किनु पर्छ भन्ने कुरा हाम्रो अबको नीति तथा कार्यक्रममा आउन जरुरी छ त्यसैले गर्दा यो विषय अत्यन्तै व्यापक गहन गहन महत्वको विषय हो हिजोको अवस्थामा सामन्तवादको चाहि जरा पनि यहि अर्थनीतिमा असफल भएका कारणले गर्दा राजसंस्था अन्त्य भएको ईतिहास छ त्यसैले गर्दा दुनियामा समाजवादहरु पनि ढलेका छन् अर्थनीतिमा सहि सहि ढंगले ठिक ठिक ढंगले लिड गर्न नसक्दा खेरी समाजवादि सत्ताहरु सोविय संघ ढलेको पनि हामीले ऐतिहासलाई थाहा छ त्यसैले गर्दा माउले ठुलठुलो क्रान्ति गर्नुभयो तर आर्थिक सवालमा देङसावपिङ नभएको भए अहिलेको चिन त्यो ठाउँमा पुग्न सक्दैन थियो त्यो भन्ने कुरा पनि छ अर्कोतिर महातिर महमत देखि लिएर विभिन्न देशका ठुलठुला अहिले नेताहरु नेताहरुको सचेत प्रयत्नले पनि एकातिर हुन्छ भने अर्कोतिर के हो भने अब हामीले सामुहिक त्यसका लागि सामुहिक प्रयत्न गर्नुपर्ने जरुरी छ । नयाँ मोडेलको खोजि गर्नुपर्ने जरुरी छ त्यसका नीम्ति हामी अगाडि बढौ र अब हामी प्रदेशको समग्र विकासका निम्ती अब व्यापक छलफल गरेर समाजवाद उन्मुख अर्थतन्त्रको विकास कसरी गर्न सक्छौ दलाल नोकरशाही पुजीको विकास होईन सामुहिक अर्थतन्त्रको विकास जनताको स्वामित्व हाम्रो पुजीमा हुन जरुरी छ सम्पूर्ण जनताको स्वामित्व हुन जरुरी छ र अहिले के हो भने जनता केहि गरिब छ केहि मान्छेहरु मोटाएको अवस्था छ । केहि सिमित मान्छेहरु मोटाउने र जनता गरिब हुने अवस्थाको अन्त्य नगरे सम्म समाजवाद आउदैन त्यो हाम्रो अर्थनीतिमा भर पर्छ त्यसका लागि के हो भने अब हाम्रा सम्पूर्ण किसानहरुको हातमा उत्पादनका साधनहरु माथिको पहुच बढाउनका निम्ती कृषि क्षेत्रमा लगानी गर्नुपर्छ मैले अघि भने सभामुख महोदय उत्पादनका साधनहरुमा वृद्धि गर्नुपर्छ, कृषि क्षेत्रमा लगानी वृद्धि गर्नुपर्छ र सामुहिक स्टालिनले अपनाए जस्तै दशौ हजार मान्छेहरुलाई एउटै सामुहिक खेति प्रणालीमा लगाएर एउटा बुढो मान्छेले भन्नु भो रे ईतिहासमा यस्तो मैले कहिल्यै पनि देखेन म पनि खेतमा गएर रोपौ क्या हो भनेर स्टालिनको पालामा एउटा बुढो मान्छेले सधैं घरमा बस्ने बुढो मान्छेले भन्या जस्तै अब त्यो तिर हामीले सोच्नुपर्छ हाम्रा कृषि पकेट क्षेत्र कुन कुन हुन त्यसमा अभियान हामी थालनी गरौ प्रदेश सभाका सदस्यहरु सामुहिक प्रयत्नका साथ अगाडि बढौ भन्ने कुरा राख्दै यो यसमा आगामी दिनमा नीति तथा कार्यक्रममा धेरै विषयहरु समावेश गर्दै जानु हुने छ भन्ने कुरा म सुझाव राख्दै विदा हुन्छु धन्यवाद ।

माननीय कृष्ण बहादुर चौधरी : माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको यो चौथो अधिवेशनको आज हामी तेस्रो बैठकमा छौ । यो अधिवेशन बर्षे अधिवेशन पनि हो । यो अधिवेशन भित्रै हामीले केहि विधेयकहरु कानूनहरु बनाउदै सँग सँगै ०७६।०७७ को बजेट निर्माण पनि हामी गर्दै छौ त्यस कारणले यो अधिवेशन ज्यादै महत्वपूर्ण अधिवेशनको रुपमा लिईन्छ यो बर्षे अधिवेशनको सबै भन्दा पहिली म सफलताको शुभकामना दिन चाहान्छु । यो अधिवेशनभर हाम्रो सभाले महत्वपूर्ण कानूनहरु बनाउदै यसलाई खास गरेरे यो ०७६।०७७ मा हाम्रो प्रदेशको भविष्य सँग जोडिएका बजेट निर्माणका कुरा हामी गर्ने छौ म सफलताको शुभकामना दिन चाहान्छु । माननीय सभामुख महोदय, २ गते माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले यो ०७६।०७७ को पूर्व बजेट सम्बन्धि एउटा विधेयक छलफलको लागि टेबल गर्नुभयो यो खास गरेर चारवटा विषयलाई जोडेर यहा आएको छ । हाम्रो बजेटको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु के हुन भन्ने कुराहरु आयो साच्चीकै हाम्रो प्रदेश विगतका दिन देखि हामी सबैले भन्ने गर्छौ हाम्रो प्रदेश चाहि एकदमै गरिब प्रदेश छ बास्तवमा यो भन्दा पहिले केन्द्रका सरकारले हाम्रो प्रदेशलाई एउटा विभेद तरिकाले जुन हेर्ने गर्यो र अहिले हामी ठुलो बलिदान पछि हामी संघीयतामा हामी छौ, अभ्यास गर्दै छौ र एउटा अधिकार सम्पन्न हाम्रो प्रदेश बनेको छ र यो प्रदेशको सबै गरिबीलाई अब कसरी हामी समाधान गर्ने भन्ने हाम्रो यो प्रदेशको सरकार र यो प्रदेश सभाका माननीयज्यूहरुको काधमा छ । त्यस कारणले यो प्रदेशलाई हामी कसरी बनाउने भन्ने कुरामा हामी सबैको ध्यान जानुपर्दछ । खास गरेर हाम्रो प्रदेशमा दुईवटा जिल्ला तराईका कैलाली र कंचनपुर छन् यो जिल्ला यस्तो जिल्ला छ जहा एकदमै खेतियोग्य जमिनहरु छन् । ठुलो उत्पादन हुन सक्छ यो जिल्लाको कृषि क्षेत्रलाई प्राथमिकतामा हाम्रो प्रदेशले राखेर यदि बजेट निर्माण गर्यो भने विनियोजन गर्यो भने मलाई लाग्छ पहाडका सातवटा जिल्लालाई पाल्ने हैसियत बोकेका यि दुईवटा जिल्ला हुन त्यस कारणले हाम्रो कृषिमा खास गरेर यो सिंचाईको समस्या धेरै छ तराईमा कैलाली र कंचनपुरमा कुलोहरु छन् पानि हुदैन धेरै जस्तो साना किसानहरु पनि छन् दुई विगाहा, डेढ विगाहा, एक विगाहाका किसानहरु पनि छन् बोरिङ गडाउन सक्दैन त्यस्तो ठाउमा त्यस्तो किसानहरुलाई मध्येनजर गरेर हामीले कसरी चाहि कृषिमा चाहि हामी आत्मनिर्भर बनाउन सक्छौ । त्यो गर्नको लागि हामीले सिंचाईको सुविधा गर्नुपर्छ जस्तो मलाई लाग्छ त्यतातिर पनि हाम्रो यो अब यो प्रदेश सरकारको यो ०७६।०७७ को बजेटले ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ । दोस्रो यो हाम्रो प्रदेशमा ठुल ठुला नदीहरु छन् यो नदीबाट हामीले जलविद्युतलाई हामीले निकाल्न सक्यौ भने मलाई लाग्छ हाम्रो प्रदेश अर्थतन्त्रमा चाहि मजदुत हुन सक्छ, अगाडि बढ्न सक्छ त्यतातिर पनि हाम्रो प्रदेशको प्राथमिकतामा जानुपर्छ जस्तो मलाई लाग्छ । अर्को हाम्रो उत्तरतिर चिन सँग जोडिएको सिमाना छ । दक्षिण, पश्चिम तिर हामि ईण्डिया सँग छौ र भारत र चाईनाबाट मात्रै हामीले पर्यटनको क्षेत्रमा हामी यदि राम्रो काम गर्न सक्यौ भने मलाई लाग्छ हाम्रो प्रदेशलाई यताबाट पनि धेरै ठुलो अर्थतन्त्रमा टेवा पुग्छ यतातिर पनि हाम्रो प्रदेशको ध्यान जानु पर्छ र यो बन्ने अब आउने केहि दिन पछि आउने हाम्रो बजेटले खास गरेर यो पर्यटन, औद्योगिक क्षेत्रमा हामीले लगानी लगाउनु पर्छ जस्तो मलाई लाग्छ । माननीय सभामुख महोदय, त्यस्तै गरेर हाम्रो यो सुदुरपश्चिममा ठुलो जंगल छ, बनहरु छन् यो जंगललाई यो बनलाई हामीले सदुपयोग गर्न सक्यौ भने, व्यवस्थापन गर्न सक्यौ भने, यो काठजन्य उत्पादनहरुतिर हामीले ध्यानदिन सक्यौ भने, उद्योगहरु खोल्न सक्यौ भने अघि पूर्ववक्ता माननीयज्यूले भन्दै हुनुहुन्थ्यो सानो एउटा सलाईको काटि देखि लिएर ठुलठुलो यस्ता कुराहरु हामी गर्न सक्यौ भने हाम्रो प्रदेशलाई यतातिरबाट पनि

धेरै ठुलो टेवा पुग्न जान्छ सभामुख महोदय त्यस कारणले यि कुराहरुमा हाम्रो प्रदेशको बजेटको खास गरेर विनियोजन गर्दा हामीहरुले यतातिर हामीले यदि प्राथमिकतामा राख्न सक्यौ भने हाम्रो उद्देश्य त्यतातिर जान सक्यो भने मलाई लाग्छ हाम्रो प्रदेशको अर्थतन्त्रमा धेरै ठुलो टेवा पुग्न जान्छ माननीय सभामुख महोदय यो ज्यादै गम्भिर रुपले, गहनरुपले हामीले छलफल गरेर बास्तवमा सबैले हामीले हाम्रो प्रदेशलाई कसरी सम्पन्न बनाउने सबैको यदि लक्ष्य एउटै हो त्यतातिर हामी घनिभुत छलफल गरेर हाम्रो बजेटलाई अब बन्ने हाम्रो बजेटलाई, हाम्रो नीतिलाई प्राथमिकतामा राख्न सक्यौ भने मलाई लाग्छ हाम्रो प्रदेशको सहज ढंगले अरु प्रदेश भन्दा माथि उठ्न जान्छ । त्यस कारणले अब हामी यि विषयमा धेरै गहन ढंगले छलफल गरेर अनि केहि दिन पछि बजेट आउदै छ । यो बजेटलाई हामीले विनियोजन गर्दा सहज ढंगले हामीले विनियोजन गर्न सक्यौ भने मलाई लाग्छ हाम्रो प्रदेश अगाडि बढ्न सक्छ । माननीय सभामुख महोदय, मैले यहा हेर्दै थिए सबै क्षेत्रलाई यो करिब करिब छोएको मैले यहा भेटाए कृषिलाई पनि छोएको छ, सडकलाई पनि छोएको छ, बन जंगललाई पनि छोएको छ, जरिबुटिलाई पनि छोएको छ धेरै कुरालाई छोएको छ समग्र रुपमा यो धेरै राम्रो छ तर मैले यो २० नम्बरमा हाम्रो प्राथमिकतामा शिक्षा, स्वास्थ्य, मानवविकास लगायतका सूचकांकमा पछाडि परेका बाजुरा, बझाङ्ग, दार्चुला र अछाम जिल्लाहरुमा संचालन हुने कार्यक्रमहरुलाई प्राथमिकताका साथ बजेट विनियोजन गरि कार्यान्वयन गरिन्छ उक्त जिल्लाहरुमा रहेका छाउपडि पर्था, जातिय छुवाछुट लगायतका सामाजिक कुरितिहरुको विरुद्ध लढ्न विशेष कार्यक्रम सहित अभियान संचालन गरिनेछ भनेर भनिएको छ मलाई लाग्छ बाजुरा, बझाङ्ग, दार्चुला र अछाममा मात्रै यस्तो छैन डोटीमा पनि होला साहेद मलाई लाग्छ, बैतडिमा पनि होला, डडेल्धुरामा पनि होला, यो कैलाली, कंचनपुरमा पनि होला यो छुवाछुत भनेको सामाजिक कुरिति यहा पनि छ । छाउपडि पर्थाहरु अरु जिल्लामा पनि छन् के कारणले यो अरु जिल्ला छुट्यो मलाई थाहा छैन माननीय मन्त्रीज्यू ।

माननीय कर्ण बहादुर मल्ल : माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको सरकारले यो ०७६।०७७ को पूर्व संध्यामा तेस्रो पटक जबरजस्त जमर्को गरेको छ । यसको लागि म सरकारलाई धन्यवाद दिन चाहान्छु । सुदूरपश्चिम बासिका ईच्छा, आकांक्षा, आवश्यकता परिपूर्ति गर्न यो सरकार कति सबल र कति दुर्बल रह्यो यसका अगाडि कति चुनौति रहे कति चुनौति चिर्दै संसदमा उठेका कुराहरु, जनताका विचबाट उपठेका कुराहरु, संचार जगतबाट उठेका कुराहरु चौतर्फि ढंगले समस्यै समस्याको बीचमा रहेको यो सुदूरपश्चिमको सरकारले आफ्नो १५ महिना विताउदै गर्दाखेरि आफुलाई प्राप्त स्रोत, साधन र आफुलाई प्राप्त अधिकारलाई कति औचित्य पुष्टि गर्न सक्यो यो पनि अहिले बहस र चासोको विषय छ सभामुख महोदय, यति भन्दै गर्दा यो संसदमा हामी माननीय सांसदहरुले दुनियाका धेरै देशहरुका र दुनियाका धेरै देशहरुका निर्माणकर्ताहरुका नाम लिएर उदाहरण दिने पनि प्रयास गर्यो सभामुख महोदय, यति भन्दै गर्दाखेरि दुनियामा धेरै यस्ता देशहरु छन् जहा संसदमा प्रतिपक्षले योजना बनाउदछ त्यो मुलुकलाई कस्तो बनाउने, त्यो मुलुकका जनताको ईच्छा आकांक्षा कस्तो छ र त्यो मुलुकका जनताले कस्तो किसमको योजना र सुखसुविधा चाहेका छन् । प्रतिपक्षले अथवा संसदले योजना बनाउदछ र सरकारले कार्यान्वयन गर्दछन् सभामुख महोदय, र दुनियामा धेरै यस्ता साना मुलुकहरु पनि छन् जलाई क्यारिवन मुलुक, सेरभेन्चन मुलुकका रुपमा परिचित छन् । विश्व मानवचित्रमा ती

मुलुकहरुमा राष्ट्राध्यक्ष र सरकार प्रमुखले जनतालाई त्यहाका जनसंख्या पचास  हजार, एक लाख, डेढ लाख धेरै जनसंख्या भए क्यारिवन मुलुकमा ढाईलाख जति जनसंख्या छन् र त्यहाको सरकार प्रमुख र राष्ट्र प्रमुखले सभामुख महोदय जनतालाई आवह्वान गर्दछन एउटा जम्मा हुने भेटघाट हुनेथलोमा र ती राष्ट्रप्रमुखले के आवह्वान गर्दछन भने यो देशमा यो देशका जनताले अब यो देशको ढुकुटी कस्तो र कुन मुद्दामा , कुन नीतिमा, कुन प्राथमिकतामा, के सिद्धान्तका आधारमा र कुन मुख्य नीति अंगिकार गरिदियो भने तपाईहरु खुशि रहनुहुन्छ भनेर ती मुलुकका राष्ट्राध्यक्ष र सरकार प्रमुखले प्रश्न गर्दछन् सभामुख महोदय र त्यति खेरा जम्मा भएका जति पनि जनता हुन्छन त्यो मुलुकका ती जनताहरुले तालीको गडगडाहतबाट जुन नीति, सिद्धान्त, जुन प्रथमिकता र जुन प्रमुख नीतितिर ती सरकार प्रमुख र राष्ट्राध्यक्षको ध्यान केन्द्रीत तालिको गडगडाहतबाट जुन नीति पास हुन्छ त्यसैलाई त्यहाका मुलुकका सरकार प्रमुख र राष्ट्राध्यक्षले कार्यान्वयन गरेका मुलुक यो संसारका दर्जनौ उदाहरण छन् सभामुख महोदय, तर दुर्भाग्य १५ महिना वित्दै गर्दा खेरि हाम्रो प्रदेशको सरकारले न ०७४।०७५ को बजेट राम्रो सँग कार्यान्वयन गर्न सक्यो, न ०७५।०७६ को बजेट कार्यान्वयन गर्न नसकेको अवस्थामा हामी ०७६।०७७ मा यो सरकारको नीति के रहने, यो सरकारको सिद्धान्त के रहने, यसका प्राथमिकता के रहने र यसको मुख्य नीति के रहने भन्ने आज यो प्रमुख बहसको विषयमा उभिएका छौ सभामुख महोदय यो भन्दै गर्दाखेरि यो भन्दा अगाडि सरकारको तर्फबाट अर्थमन्त्रीज्यूले जति पटक संसदमा बहस बनाउनुभयो यो नीति तथा कार्यक्रम अथवा आजकै यो मुद्दालाई सभामुख महोदय नीति तथा कार्यक्रम पास गरिन्छ । बजेट पास गरिन्छ, संसदबाट सर्वसहमतिबाट, सर्वस्वीकृतिबाट, सर्वबहसबाट र सबैका सरकारबाट के आस्वास्त पारिन्छ संसदमा उठेका गरिमामय माननीयज्यूहरुबाट उठान भएका जनसरोकारका विषयहरुलाई समावेश गरि प्रमुख प्राथमिकतामा राखि कार्यान्वयन गर्नेछ भनेर पटक पटक यो सरकारले आस्वस्थ पारेको छ सभामुख महोदय तर कार्यान्वयनको बाटोमा जादै गर्दा खेरि मैले अघि संसारका उदाहरण दिया जस्तै यो सरकार ठिक विपरित दिशामा गएको छ सभामुख महोदय ठिक विपरित दिशामा पनि यसरी गएको छ सभामुख महोदय सत्ता संचालक मन्त्रीज्यूहरु अथवा यो मन्त्रिपरिषद् कसैले पनि थाहा नपाउने गरिकन उहाको कार्यशैली, उहाको बजेट कार्यान्वयन, उहाको जनमुखि कार्यक्रम, उहाको विकासवादी कार्यक्रम कुनै पनि मान्छेले अथवा आफुले रुचाएका, आफुले नरुचाएका मान्छेहरु कसैले पनि थाहा नपावस भर्सक सम्म संचार जगतले पनि थाहा नपावस, भर्सक सम्म जुन भुगोलमा बजेट गएको छ त्यो भुगोलका आम जनताले थाहा नपाउन भन्ने ढंगले यो सरकार कार्यान्वयनको दिशामा गएको छ सभामुख महोदय कारण यो नीति, सिद्धान्त के रहने छ, नीति के रहने छ यसको प्राथमिकता के रहनेछ भन्ने जुन आज बहस गर्दैछु सभामुख महोदय यसको मेन शब्द चयनको लागि सरकारका अर्थमन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छु । र म एउटा यो प्रदेशको प्रदेश सभाको माननीय गरिमामय संसदको अगाडि उभिदै गर्दाखेरि म सरकारलाई धन्यवाद दिन चाहान्छु यो एघार महिनाको कार्यकालमा मेरो जिल्लामा यो कृषि मन्त्रालयबाट एउटा झण्डै झण्डै चार सय महिलाहरु सम्मलीत एउटा सहकारीलाई साढे सात लाख रुपैयाको सहयोग अथवा बजेट दिइएको छ म त्यसको लागि सरकारलाई सिंगो सरकारलाई धन्यवाद दिन चाहान्छु । अर्को नीति यो हाम्रो सिद्धान्त, उद्देश्य, प्रथमिकता र मुख्य नीति के रहने भन्ने बहसमा उभिदै गर्दा खेरि सरकारका अर्थमन्त्रीज्यूले असाध्य राम्रा शब्दावली चयन गर्नु भएको छ यो शब्दावली चयनका लागि उहालाई र सरकारलाई म धन्यवाद दिन चाहान्छु । शुरुकै शब्द सभामुख महोदय महान सहिदहरुको शाहदतबाट प्राप्त यो

देशका सभामुख महोदय यो सरकारलाई म प्रश्न गर्न चाहान्छु ती महान शहिद मध्येको एउटा प्रमुख सहिद यो प्रदेशमा पनि जन्मनु भएको थियो दशरथ चन्द लगायतका विचौ हजार साहदत प्राप्त सहिदहरुको रक्तबाट रन्जित यो संविधान २०७२ प्राप्त भयो सो संविधान अर्न्तगत नै आज यो संसद गठन भएको छ यो सरकार यसै संसदबाट निर्विरोध एउटा अंग हो र त्यो अंगको सरकारले तेस्रो पटक यो गरिमामय संसदमा ल्याउदै गर्दाको पहिलो शब्द महान सहिदहरुको साहदतबाट प्राप्त यो जनमुखि सरकारले त्यो शब्दप्रति कति सम्मान गरेको छ ती सहिदका ईच्छा, आकांक्षा ती सहिदहरुले साहदत यो मुलुकको रक्षार्थ, मुलुकवासिको स्वतन्त्रताका लागि, गरिबका लागि, जनजातिका लागि, नीमुखाका लागि, बेरोजगारका लागि, जुन चाहि असमानताको विभेदमा फसेका नागरिकको लागि साहदत प्राप्त गरे जलाई शहिद भन्दै गर्दाखेरि हामी गर्व गर्नु अहिलेका सरकारका ती सहिदलाई सम्झेर गरेका काम कारवाही नियाल्दै गर्दा आज सिर झुक्ने हरेक नेपालीको सिर झुक्ने अवस्था आएको छ सभामुख महोदय त्यसै गरिकन गरिमामय सदन गरिमामय सदन यो सदनमा ५३ जना बाट ५३ जना संसदबाट बनेको यो सदन हो जुन सदनबाट सरकार निर्माण भएको छ यो सिंगो सदनको गरिमा राख्ने यो सरकारले कति न्यायोचित काम गरेको छ कति गहकिला काम गरेको छ, कति गहनजिम्मेवारी छ यो प्रश्नको विषय छ सभामुख महोदय त्यसै गरिकन गर्दा खेरि विगतको निर्वाचन मार्फत जनअनुमोदित चुनावी प्रतिवद्धता अनुसार पनि अब कार्यक्रम आउनेछ विगतको निर्वाचन मार्फत जनअनुमोदित चुनौवी प्रतिवद्धता सभामुख महोदय म यो सरकारलाई के प्रश्न गर्न चाहान्छु भने चुनावमा प्रतिबद्धता जनताका विरुद्धमा हामी काम गर्नेछु, जनहित विपरित काम गर्नेछु, सिंगो संसदलाई अपमानजनक काम गर्नेछु, लोकतान्त्रिक विधि विधान विपरित काम गर्नेछु, संविधान विपरित काम गर्नेछु भनेर सम्भवत अहिलेका सरकार संचालक मन्त्री र यो सरकारका मुख्यमन्त्रीले भोट मागेका थिएनन होला त्यो कारण यस्ता शब्दावलीको पनि पूर्ण रुपमा दुरुपयोग र अपमान भएको छ सभामुख महोदय त्यसै गरिकन उत्पादन र उद्धमशिलता म यो सिंगो सरकारलाई प्रश्न गर्न चाहान्छु यो बजेटबाट ०७५।०७६ को बजेट अब सिदिदै गर्दा खेरि र ०७६।०७७ को बजेटको पूर्वसन्ध्यामा छलफलमा उभिदै गर्दा खेरिमा म प्रश्न के गर्न चाहान्छु भने यो सरकारले यो सुदूरपश्चिममा आएको बजेटबाट कति उत्पादनमा लगाएको छ हिसाब किताब चाहिन्छ सुदूरपश्चिम बासिलाई र उत्पादनशिलतामा कति यहाका युवाहरुलाई जोडिएको छ त्यो पनि हिसाब किताब चाहिएको छ सभामुख महोदय, समतामुलक समाज जुन समाजमा न्याय पाईएको छैन त्यो समाजको सरकारले समतामुलक समाजको परिकल्पना गरेको छ सभामुख महोदय त्यसै गरिकन भ्रष्टाचार मुक्त, पारदर्शि, जवाफदेहिता, उत्तरदायि, जहा सरकारले गरेको काम कारवाहीको बारेमा सदनलाई जानकारी छैन त्यो सरकारले पारदर्शि, उत्तरदायि र जवाफदेहिताका कुरा उठाएको छ सभामुख महोदय, र यसमा म फेरी पनि भन्न चाहान्छु। शब्दावलीको असाध्ययी राम्रो चयन गरिएको छ यो सरकारले र द्वारिका देवी ठकुरानी लगायत सुदूरपश्चिमका विर विरंगनाहरुको नाममा कार्यक्रम ल्याईनु पर्छ भन्दाखेरि यो गरिमामय सदनका अगाडि उठाउदा खेरि यो सरकारले कार्यक्रम ल्याएका थिए तर कार्यान्वयनको पक्ष असाध्ययी फितलो देखिएको थियो सभामुख महोदय यो सरकार पुरानै बोत्तलमा पुरानै सराप तर खाने सैली, ठाउँ र पात्र नयाँ खोज्ने ढंगले अगाडि बढीराखेको छ भन्ने अनुभुति, आभास, सिंगो यो संसदलाई र सुदूरपश्चिमका जनतालाई भएको छ भन्ने भनाई आफ्नो अगाडि राख्दै म यहाबाट विदा हुन्छु धन्यवाद ।

माननीय विरमान चौधरी :- माननीय सभामुख अहिले एउटा महत्वपूर्ण विषय हाम्रो अगाडि आएको छ । यसले धेरै कुराको हाम्रो प्रदेशको एक बर्षको नीति कार्यक्रम देखि बजेटिङमा सैद्धान्तीक रुपहा हामीले के कुरा गर्छौ भन्ने बाट यसले अवलम्बन गरेको छ यसले धेरै पटक दोहोराई तेहेराई, चहुराई पनि मैले पढे र यसमा धेरै कुराहरु सकारात्मक र राम्रा कुराहरु आएका छन् यसलाई हामीले सम्मान गर्नुपर्छ । सरकारले र विशेष गरेर आर्थिक मामिला तथा योजना मन्त्रीजीले यसमा मेहनत पनि गर्नुभाको छ र यसमा केहि कुराहरु छुट्न पनि गाका छन् किन कि एउटा सीमा एउटा केहि कुराहरु हुन्छ मान्छेका तथ्यांकका कुराहरु पनि होलान र मलाई लाग्छ यो भनी रहदाखेरि हामीले सबैले साहेद मलाई लाग्छ यो अध्ययन गरेकै पनि हौला यसले लास्टमा के भनेको छ भने यो नीति कार्यक्रममा प्रभावित गर्ने भन्ने कुरा उल्लेख कहि छुटाएको छैन यसले लुकाएकै छैन प्रष्ट रुपमा के भन्छ भने प्रदेशवासीको आवश्यकता र साधनको उपलब्धताको आधारमा प्राथमिकिकरण गरिएका माथिका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुको परिधि भित्र रहि आगामी बजेट ल्याउछु भन्या छ यसले यो बजेटको मुलमर्म हो भन्ने कुरा मैले बुझे यसको बजेट र नीति कार्यक्रमको मुलमर्म भा हुनाले यसले त्यो स्पीडलाई समात्ने कोसिस गरेको छ भन्ने मलाई लागिराको छ र यसको सँग सँगै केहि कुराहरु मैले यहा अलिकति खोज्दा नभेटाएको हो कि दोहोरे पनि होलान यो हामीले कतिपय कुराहरु अमुर्त जस्तो मैले माने जस्तो हामीले यो पर्यटन प्रवर्द्धन गर्नेछ भन्ने चाहि आसा गरौ तर पर्यटन विकासलाई चाहि प्रवर्द्धन गरिरहदा खेरि त्यसको विकास गर्नु पर्छ कि पर्दैन यसलाई विकास गरेर जाऔ पर्यटन प्रवर्द्धन मात्रैले हाम्रो पुग्दैन है त्यसलाई हामी गरिराछौ नियमित काम जस्तो भइराछ त्यसले नीति लिदाखेरि यसले पर्यटनलाई प्रवर्द्धन मात्र होईन त्यसलाई विकास गर्ने र त्यसको हामीले एउटा आर्थिक मेरुदण्डको एउटा रुपमा पनि यसलाई लिन जरुरी छ र यसको सँगसँगै अब हामीले यो के कुरा भनेका छौ भने १० नम्बरमा प्रदेशमा उपलब्ध वित्तीय तथा प्राकृतिक स्रोत र साधनको कुशलतापूर्वक उपयोग गरि विकासको प्रतिफल वितरणमा सामान्य सिद्धान्त अनुरुप विकास निर्माणको क्रियाकलाप र अवसरहरुमा समानुपातिक र समानुवेशिकको सिद्धान्तको अवलम्बन गरिनेछ भन्ने कुरा गर्याथियौ यसले के भन्छ भने सबै ठाउँमा विकास गर्छौ भन्ने यसले प्रतिबद्धता त गर्यो तर विकासको क्रम हामीलाई के लाग्छ भने सबै ठाउँमा सबै चिजको सँगै हुदैन यसको कुनै ठाउमा कुनैको टार्गेट हुन्छ, कुनै ठाउँमा कुनै टार्गेट हुन्छ जस्तै हामीले पहाडि बेल्टमा के टार्गेट गर्न सक्छौ, तराई बेल्टमा के टार्गेट गर्न सक्छौ यसले त्यो खोल्न जरुरी छ जस्तो लाग्छ मलाई किन कि सबै ठाउँमा हामीले यो भनि रहदाखेरि सडक सञ्जाल, विद्युत आदि कुराहरु हामी सोच्दछौ त्यतिले कुरा मात्रै होईन यसले केहि अपुकता छ कि जस्तो मैले आफुले ठाने मेरो यो मैले हेरिरहदाखेरि यो उच्च शिक्षालाई प्राथमिकता दिईने छ भन्ने कुरा मात्र भयो तर उच्चशिक्षा र व्यवहारिक र टेक्नीकल शिक्षालाई उल्लेख गरिएन हाम्रो प्रदेशमा के टेक्नीकल शिक्षा र व्यवहारिक शिक्षा धेरै कुराहरु छ यसमा र स्कुल जान नसकेका बालबालिकाहरुको बारेमा बोल्न सकेन हाम्रो सिद्धान्त, नीति र प्राथमिकता स्कुलमा जान नसकेका बालबालिकाहरुलाई हामी के गर्छौ यसले बोल्न सकेन के यो नबोलीरहदा खेरि हाम्रो सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीति हाम्रो मै छुटिहाल्यो भने त हामी चुकीहाल्छौ बजेट कार्यक्रम ल्याउदा, नीति कार्यक्रम ल्याउँदा यो कुरा छुटिहाल्छ त्यस कारण गर्दा खेरि मेरो सुझाव के छ भने यसमा चाहि यो नछुटोस र यो आउनुपर्छ भन्ने मेरो मान्यता हो र अर्को कुरा केहि माननीयजीले पनि भन्नु भयो हामीले यस्तो कुरामा त मेरो ठिकै मान्या छु तर त्यसको सँगै व्याख्या के गरिएको छ भने २० नं. को उसमा तपाईको

शिक्षा, स्वास्थ्य यो बाजुरा, बझाङ्ग, दार्चुलामा म सहमतै छु तर यसको सँग सँगै यहा तल के भनिएको छ भने यो छाउपडि पर्था अनि जातिय छुवाछुट लगायतका सामाजिक कुरितीको ४ वटा जिल्लामा मात्रै छैन छाउपडि पर्था र तपाईको यिनि कुराहरुलाई हामीले अलिकति दायरा फराकिलो गरौ है यसमा प्रमुख छन् यो कुरा ठिक छ र छुटेकाहरुलाई समेट्नु पर्छ भन्ने हो मेरो मान्यता किन कि यो समेटेनौ भने भोली अरु जिल्लाहरुमा यो कार्यक्रमको किन कि अभियानै संचालन गर्ने भन्छ प्रदेश सरकारको तर्फबाट यसले के भन्छ भने कार्यक्रम सहित अभियान संचालन गरिनेछ भन्छ हामीले चार जिल्लाको मात्रै अभियान संचालन गर्दा अरु जिल्लालाई अन्याय हुन आईपुग्छ भन्ने मेरो मान्यता हो । त्यसैले अरु जिल्लालाई अन्याय गर्नु हुदैन जहा जहा समस्या छ यो समस्यालाई हामीले माथि किन कि समावेशि, समानुपातिक सिद्धान्तको आधारमा सबै कुरा गर्ने भन्या छ तर यो कुरा गर्दै जादा खेरि क्याटागोराईज गर्यो त्योले गर्दा खेरि क्याटागोराईज गर्दाखेरि यहिनिर अलि ध्यान दिनुपर्छ कि भन्ने मलाई लाग्छ । त्यस्तै जनताहरु सँग रहेको ज्ञान, सीप, स्थानीय क्षमताको पहिचान गरि तिनिहरुको आधारभुत आवश्यताको उपलब्धता र आवश्यकता विचको अन्तरपहिचान गरि स्वरोजगार बनाईनेछ भन्छ यसलाई हामीले स्थानीय सीप कलालाई हामीले प्रादेशिक स्तरमा उठाउने नीति लिनु पर्छ अथवा सिद्धान्त उद्देश्या त्यहा हुनुपर्यो तल हराई राखेका चिजलाई हामीले कमसेकम त्यसलाई माथि प्रमोट गर्नुपर्छ । यो गरेनौ भने तलै रहिरने र तलै हराउने परम्परालाई हामीले छोड्नु पर्छ र त्यसलाई माथि उठाउनु पर्छ भन्ने मलाई लाग्या छ । अर्को कुरा मैले नबुझ्या हो कि के भा को मा आफै पनि यो पोषणको कार्यक्रम जो चलेको छ हामी यहा के भन्या छ भने संघीय सरकारले संचालन गरेका जस्तै अब यो विद्यालयहरुमा खाजा कार्यक्रमहरु छ यसले त्यो बोलेको छ हामी पनि संचालन गर्छौ है भनेको छ हामीले अलग गर्ने हौ वा त्यो सँन गर्ने हौ भन्ने कुरामा यसले के भन्छ भने हामी सहकार्य गर्ने भन्यो सहकार्य गर्दा के डुप्लीकेशनको समस्या आई पर्छ नीतिगत रुपमा त्रुटि गर्नु हुदैन सैद्धान्तीक रुपमा भन्ने मलाई आफुलाई लागेको छ । अनि यो बैकल्पीक उर्जा र यो लघुजलविद्युत कार्यक्रम मार्फत ग्रामिण विद्युतिकरण गर्ने नीति अवलम्बन गरिनेछ पहिलो कुरा त के भने यसको यो अविलम्बन गरिरहदा हामी सँग अहिले नेपाल सरकारले अथवा संघीय सरकारले विद्युतिकरण सम्बन्धिको मलाई लाग्छ मैले धेरैको कार्यक्रम पनि हेरे, प्रदेश विकास पूर्वाधार कार्यक्रम पनि हेरे, त्यस पछि भौतिक पूर्वाधार मन्त्रालयको पनि हेरे हाम्रो प्रदेशले यो भन्दा अगाडि सुदूरपश्चिम प्रदेशले विद्युतीकरणमा मलाई लाग्छ औपचारिक हिसाबले छुट्याएको बजेट मैले देखेन तर यसको सँग सँगै अर्को कुरा के छ भने हामीलाई उसले अधिकार प्रत्यायोजन गरिसक्या छ । औद्योगिक विद्युतीकरणको जुन कुरा छ यसमा चाहि हामीले गर्ने भन्ने नीति त लियौ तर हामी सँग बजेट पनि यसलाई देला तर उसले अधिकार प्रत्यायोजन नगरिसकेको अवस्थामा हामीले यो कुरालाई के गर्न सकिन्छ । मलाई आफुलाई लागेको किन कि त्यो त न हामीलाई बनाउन दिएको छ अहिले सम्म अख्तियारी दिएको छ ल तिमिहरुको यो भा छ यसले के भन्छ भने त्यो माग गर्ने त भन्यो तर दिदै दिदैन यसले गर्दा खेरि यो कुरामा मेरो अलिकति उ छ अनि अर्को कुरा यो कृषिमा हामीले यो गरिबी न्यूनीकरण गरेर कृषिमा धेरै जोड दिने कुरा गर्यौ तर यसले एउटा कुरा के छोडिदियो भने कृषिमा हामीले धेरै जोड दिईरहदा खेतियोग्य जमिन प्लटिङको कुरा यसले उठायो हुन त नीतिमा आउला भनेर जवाफ पनि आउला तर यसले के भन्दा खेरि हामीले जब कृषिको व्यवसायिककरण गर्दै छौ भने जमिन नभए पछि हामी व्यवसायिकरण गर्न सक्छौ कि सक्दैनौ भन्ने हो त्यसैले यो कहि न कहि यो अटाउनु पर्छ नभए हाम्रो फेरी बजेटिङ आउने बेला हामी फेरी कृषि योग्य भुमिमा हामी फेरी

प्लटिङ गर्ने वा घरबास बस्ने दुनिया हुने अनि हामी व्यवसायिक खेति गर्ने, आत्म निर्भर हुने अनि त्यस पछि आफुले चाहि निर्यात गर्ने जो कुरा उल्लेख गर्याछौ त्यो निराधार हुन आईपुग्छ । त्यसैले यो कुरा कहि न कहि जोड्नु पर्दछ भन्ने मलाई लाग्या छ र यसको सँग सँगै मैले यो त्यसको माथिको उसले के गर्या छ भने यहानिर निरक्षर उन्मुलन गरिनेछ भनेर त भन्यो निरिक्षर उन्मुलन गर्नलाई हामीले प्रौढ शिक्षा चलाउन खोज्या हो वा थप हामीले स्कुलहरु बनाउन खोजेको हैन त्यसले गर्दा खेरि यो कुरालाई मलाई आफुलाई लाग्या कुरा तेस्तो हो अनि अर्को कुरा यो आर्थिक विकास तथा रोजगारीको प्रमुख आधारको रुपमा रहेको औद्योगिक करणको लागि आवश्यक पूर्वाधार विकास गर्ने बजेट केन्द्रित गर्ने भन्छ के यसले भनेको मैले हेरेको सरसरती माथि के भन्यो भन्दा हामी पुजी भित्राउने कुरा पनि यसले अलि अलि गर्यो तर यहि चाहि वैदेशिक लगानीको कुरा कहि यसले नीति पनि लिएन, सिद्धान्त पनि लिएन, उद्देश्य पनि लिएन, प्राथमिकता पनि त्यसले लिएन यो चाहि दस्तावेजले यो दिन सकेन हामी बैदेशिक पुजी कसरी भित्राउछौ हाम्रो नीति हून्छ कि हुदैन ? हामी त्यो सिद्धान्त भित्र हामी तपाईको साझेदारी मोडलमा जादा यो कुराहरु हामी के गर्छौ मलाई आफुलाई लागेको कुरा त्यस्तो हो । अनि आर्को कुरा मैले आफुले नबुझेको यो भन्न त सरकारले भन्नु नै पर्छ ठिकै हो तर यहा एउटा ४९ नं. बुदामा के भन्छ भने प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराध मुक्त समाजको विकास गर्ने नीति लिईने छ भन्ने यो कुरा ठिकै हो तर हामी सँग अहिले सम्म न प्रदेश प्रहरी ऐन बनिसक्या छ, न संघ सरकारले हामीलाई तपाईको यतापट्टी प्रहरी दिईसक्या छ न हामीले प्रहरी भर्ना गरिसक्या छौ भने यस्तो खालको आईरहदा खेरि हामीले किन हामी बनाउन जादै छौ भनेर सन्देश दिन खोजेको हो । बनाएर हामी नियन्त्रण गर्छौ है भन्न खोजेहोला त्यसले गर्दा खेरि यो कहानिर हो यो अलिकति मैले नबुझ्या कुरा पनि होला । अनि अर्को कुरा यो अन्तिम कुरा हो सभामुख महोदय यो सिमान्तकृत बर्ग भनेको छ यसमा लोपउन्मुख हाम्रो यसमा छन है भन्ने कुरा नबिर्सिउ हैन सिमान्तकृत तथा लोपउन्मुख यिनिहरुको वृद्धि विकासको लागि हामीले यो नीति लिनु पर्दछ अथवा यसको प्राथमिकतामा राख्नु पर्दछ यो सिमान्तकृतको आएको छ । जस्तै हाम्रो यहा राउटे छ, राजीहरु छ एकदम थोरैमा छ के ती सिमान्तकृत भन्दा पनि एकदम थोरैमा छ लोपउन्मुखतिर गएको मैले देखेको छु । त्यसले गर्दा खेरि यिनी मैले मोटामोटी यो कुराहरु हेरेको छु यसमा अब कहानिर म्यानेज गर्ने हो यसलाई त्यसलाई चाहि अलिकति गरेर जादा राम्रो हुन्छ भन्ने कुरा राख्दै विदा हुन्छु हवस त धन्यवाद ।

माननीय पूर्णा जोशी :- माननीय सभामुख महोदय, पूर्व बजेट छलफलको एउटा पद्धती स्थापना गरेर मन्त्रीज्यूले एउटा नया थालनी गर्नुभाछ म धन्यवाद दिन चाहान्छु । यद्धपी २०७४।०७५, ०७५।०७६ को समिक्षा एक पटक गरेको भए अत्यन्त सुन्दर हुन्थ्यो फलदायि हुन्थ्यो यो चाहि अलि हुन सक्या छैन सिद्धान्त तह समाजवाद जानकोलागि राष्ट्रिय पुजीको निर्माण हुनुपर्छ राष्ट्रिय अर्थतन्त्रको निर्माण हुनु पर्छ अथवा प्रदेश अर्थतन्त्रको निर्माण हुन पर्छ त्यो निर्माण गर्ने लक्ष्य, त्यसका नीति, त्यसका क्रियाकलाप बजेटले ल्याउनु पर्छ र प्रदेश सरकारले प्रस्तुत गरेको पूर्व बजेट छलफलमा सांकेतिक रुपमा चाहि आएका छन् । तर अघिल्लो बर्षको नीति र यो आर्थिक बर्षको नीति र अघिल्लो बर्षको कार्यक्रम र बजेट यो बर्षको बजेट र नीतिहरु तालमेलहरु मिलेनन भने त्यसले चाहि दुई पाईला हिड्दै खोज मेट्दै आफु हिड्दै पाइला मेट्दै भन्या जस्तो

हुन्छ त्यस कारणले गर्दाखेरि यसमा चाहि तादम्यता ल्याउनु पर्छ । समाजवादमा जाने एउटा राष्ट्रिय लक्ष्य संविधानले तोकेको लक्ष्य संविधानले तोकेको गन्तव्यमा पुग्नको लागि राज्य धनी हुनुपर्छ, प्रदेश धनी हुनुपर्छ प्रदेश धनी भईसकेपछि वितरणको जिम्मा राज्यले गर्नुपर्छ त्यसको आसय हो हरेक जनताहरुलाई रोजगारीका अवसर, स्वरोजगारमा एउटा चाहि अवसर प्राप्त गर्नुपर्छ, उत्पादनमा संलग्नहुनुपर्छ, कर राज्यलाई तिर्नुपर्छ र त्यो तिरेको करबाट विपन्न, पछाडि परेका नसक्ने मान्छेहरुलाई राज्यले संरक्षण गर्नुपर्छ भन्ने यसको आसय हो । त्यसैले गर्दाखेरि कति मान्छेहरुलाई रोजगारी दिने, कति मान्छेहरुलाई स्वरोजगार बनाउने यो कुराहरु चाहि तथ्यमा अथवा एउटा अंकमा आईदियो भने यसले आगामी बर्षलाई फलदायि बनाउछ भन्ने मलाई लाग्दछ । त्यसै गरिकन खुला बजार अर्थतन्त्रले बास्तवमा अहिले भन्ने हो भने गरिब मान्छेहरु नियमित रुपमा आफ्नो आम्दानी नभएका मान्छेहरु यति चर्को चाहि एउटा बजार मुल्यको प्रभावमा परेका छन् उनीहरुको दयनिकि बास्तवमा कष्टकर बन्दै गइरहेको कुराहरु तपाई हामी समक्ष छर्लङ्ग छ त्यसैले गर्दा खेरि खुला बजार अर्थतन्त्रले सरकारका गतिविधिहरुलाई नियन्त्रण गर्न हुने कामहरु गर्नुहुदैन एउटा पसलमा तरकारी किन्न गयो एउटा मुल्य हुन्छ, एउटा डिपाटमेन्टलमा चिनीको मुल्य एउटा हुन्छ भने पसलमा एउटा हुन्छ त्यस्तै गरिकन हाटबजारमा एउटै पसलमा एउटा काक्राको मुल्य एउटा हुन्छ भने अर्को पसलमा काक्राको मुल्य बेग्लै भईराछ यतातर्फ सरकारको विशेष गरिकन ध्यान दिइयो भने हामीले ल्याएका नीतिहरु बास्तवमा जनताको चुलो सम्म पुग्ने कुराहरुमा चाहि कति फरक परिराछ भन्ने कुराहरुमा सरकारको हस्तक्षप हुनुपर्छ हुने कुराहरु ल्याउनु पर्छ म भन्न चाहान्छु र यो जनताको दैनिकी कष्टकर हुने कुराहरुबाट यो नयाँ आर्थिक बर्षले हामीले चाहि यो अपेक्षा राख्नुपर्छ यस्ता खालका कार्यक्रमहरु ल्याउँनु पर्छ अर्को हामीले अहिले पनि जे गरिराछौ गुजरामुखि गरिराछौ दुई बोट सुन्तला वितरण गर्ने, तीन बोट आप वितरण गर्ने अनि जनतालाई चाहि समृद्ध बनाउने चार बोट आरु वितरण गर्ने अनि त्यसपछि अर्को कुनै प्रदेशबाट त्यसका विरुवाहरु आयात गर्ने त्यस पछाडि चाहि यहा वितरण गर्ने कामहरु गरिराछौ यो काम बन्द गर्नुपर्छ टोटलै बन्द गर्नु यो फलदायि छैन अथवा यो राम्रो अभ्यास होईन भन्ने कुराहरु महसुस गर्नुपर्छ यहि नर्सरिहरु सृजना गर्ने ठुला आकर्षक अत्यन्ते धेरै रेट मान्छेहरुले काम पाउने खालका र धेरै राम्रो उत्पादन दिने खालका आकर्षक कृषि फार्महरु संचालन गर्ने किसिमको यो  योजना सरकारले ल्याउनु पर्छ । त्यस्तै गरिकन पर्यटकिय विकासको उसमा पनि धेरै लगानी गर्ने यो क्षेत्रको सम्भावना भनेको पर्यटकिय विकास हो । हजारौ मान्छेहरुलाई त्यो पर्यटक भित्राउने किसिमका रमणीय स्थलहरु छन् त्यसको व्यवस्थापनको निमित्त अथवा त्यसलाई त्यो गन्तव्यहरुलाई राम्रो बनाउनको निमित्त हाम्रा योजनाहरु स्पष्टताका साथ विषयगत मन्त्रालयहरुबाट आउनुपर्छ भन्ने कुरा राख्न चाहान्छु र त्यो नीति सरकारले लिनु पर्छ । र त्यस्तै गरिकन यो प्रदेशमा कम्तीमा पनि बुढानीलकण्ठस्तरका दशौहजार विद्यार्थी अध्ययन गर्ने खालका ९ वटा जिल्लामा ९ वटा विद्यालय स्थापनाको लक्ष्य सरकारले लिनुपर्छ यदि त्यो भएन भने डाडा डाडामा विद्यालय खोल्ने चारकोठे विल्डीङ, दुई कोठे विल्डीङ दिने अर्कोपटक छाना उडाएर त्यसको टालटुलको लागि उ गर्ने त्यसैले विगतको परम्परा यतिखेर दोहोराउनु हुदैन एउटा शुरुवातमा अब हामी सँग दुईवटा बजेट विनियोजन गर्ने अवस्था छ । त्यसमा सरकारले स्पष्टताका साथ बुढानीलकण्ठ टाइपका दशौ हजार विद्यार्थीहरुले आफ्नो रोजेको भाषामा पढ्न पाउने खालका विद्यालयहरुको स्थापना सरकारले गर्नुपर्छ त्यसको लागि ढिलाई गर्नुहुदैन । त्यस्तै गरिकन राम्रा हस्पिटलहरु बाजुराको एउटा मान्छे हेलिकप्टरमा ओसारिएर यहा चाहि धनगढी

ल्याएर उपचार गर्ने होईन । धनगढीको प्रदेश हस्पिटल पनि राम्रो बनिसक्या छैन त्यसैले हरेक जिल्लामा राम्रा सयौ चाहि बेड भएका अथवा सैयौ बेड भएका अथवा सैयौ सैया भएका हस्पिटलहरु संचालन गर्ने किसिमको नीति लिनुपर्छ हामी पनि भोली कहाजाने भन्ने कुराहरु स्पष्ट भएन भने जहाको गाडिमा चढे पनि हिड्ने भन्ने खालको कुरा हुन सक्छ त्यसैले राम्रा हस्पिटल बनाउने, राम्रा विद्यालय बनाउने, राम्रा कलेज बनाउने दक्षा र अर्धदक्ष जनशक्ति तयार गर्ने खालका राम्रा प्राविधिक विद्यालयहरु हामीले संचालन गर्नको लागि यो प्रदेशले यो पटकको नीति तथा कार्यक्रमहरु बजेटमा त्यो कार्यक्रमहरु ल्याउनुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु । त्यस्तै गरिकन अब एउटा संकल्प नल्याईकन भा छैन हामीले देखिराछौ, हामीले सुनिराख्याछौ, हामीले अनुभव गरिराछौ, हामीले त्यो व्यहोरिराछौ त्यसको जवाफ हामीहरु दिन सकिराख्या छैनौ यो विगत देखिको निरन्तरता हो हरेक क्षेत्रमा भ्रष्टाचार छ हरेक मान्छे लुकाउछ, हरेक व्यपारि लुकाउछ प्रदेशको बजेट आउन १ महिना बाँकी छ सामानहरु लुकाउने भोली सरकारले तलब वृद्धि गर्दैछ भनेर आजै हावाकार सृजना गर्ने खालका प्रवृत्तिहरु छन् यो विगतदेखिका प्रवृत्ति हुन यसको निरन्तरता भएकोमा हामीले रोक्न सकेनौ भने हामीले त्यसपछाडि धनी र गरिब बीचको खाडल, हुने र नहुने बीचको खाडल, नियमित आम्दानी हुने र आम्दानी नहुने किसिमका जनताहरुको बीचको खाडल र उनिहरुको दैनिकी, उनिहरुको जीवनस्तर कष्टकर बन्छ त्यसैले गर्दाखेरि यो खालको कुराहरुमा समयमै एउटा संकल्प प्रस्ताव अब कुनै पनि योजनामा कमिसन खाईदैन, कुनै पनि योजना चाहि विक्रि हुदैनन कुनै पनि ठाउमा भ्रष्टाचार हुदैन भन्ने खालको कुरा यो एउटा ग्यारेन्टि हुन्छ प्रदेशले यसमा संकल्प ल्याउनुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । गत आर्थिक बर्षमा विनियोजन बजेट गत आर्थिक बर्षले विनियोजन गरेका कार्यक्रमहरु, प्रदेश गौरवका आयोजनाहरुको समिक्षा गर्नुपर्छ । प्रदेशका गौरवका योजनाहरु अत्यन्तै आकर्षक योजनाहरु हामीले ल्याएका थियौ त्यसका लागि हामीले बजेट विनियोजन गर्यौ र त्यसको कार्यान्वयन हुन सक्याछैन त्यसको समिक्षा नगरिकन त्यसलाई निरन्तरता दिने अथवा त्यसलाई रोक्ने त्यो गलत थियो अथवा त्यो ठिक थियो भन्ने कुराहरु समिक्षा नभईकन अहिलेको उसमा हामीले त्यसैलाई कन्टीन्यु गर्ने अथवा रोक्ने भन्ने कुरा हुन सक्दैन त्यसैले संचालन हुन सक्या छैनन् किन संचालन हुन सकेन भन्ने कुराहरु गहिरो समिक्षा हुन जरुरी छ । त्यस्तै गरिकन बेरोजगारको अवस्था, स्वरोजगारी हुने अवस्था यो प्रदेशमा चाहि हामीले अहिले पनि हामीले समिक्षा गरेर अगाडि जाने र अहिले पनि हामीले गतिलाई योजना दिने होईन भने फर्क फर्क नेपाली र खाडिबाट फर्किनेवाला पनि कोहि छैनन । दिल्लीबाट भारतबाट फर्किनेवाला पनि कोहि छैनन त्यसैले यो आर्थिक बर्षमा कति जना युवाहरुलाई हामीले सय जना किटान गरौ एक हजार जना किटान गरौ तर तिनिहरुलाई आत्मनिर्भर बनाउछौ भन्ने कुराहरु तथ्यांकमा ल्याऔ तथ्यांकमा ल्याई सक्यो भने हाम्रो ३० लख जनसंख्या हो यसमा रोजगारी मान्छेहरु कति छन्, नियमित आम्दानी हुने कति छन्, उद्योगधन्दावाला कति छन्, व्यापारिक कति छन् उनिहरुको नियमित आम्दानी छ तर बेरोजगार कति छन् ती मध्ये पनि युवा कति छन् तिनिहरुलाई लक्षित गरेर कार्यक्रम ल्याउनुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु र यो नीति तथा कार्यक्रममा यो आउनुपर्छ प्रदेशलाई आवश्यक पर्ने अध्यक्ष जनशक्ति घर बनाउने, सिमेन्ट लगाउने भयो, टायल लगाउने भयो ईत्यादि यस्ता खालका जनशक्तिहरु हामीले चाहि भारतको विहारबाट अथवा पटनाबाट अथवा अन्य अन्य ठाउँबाट हामीले ल्याई राख्याछौ र हरेक चाहि विकास निर्माणमा ती मान्छेहरुको संलग्नता छ हरेक भवन निर्माणमा हेर्नुहोस ४ जना ईण्डियन नभएको कुनै ठाउ छैन त्यस कारणले गर्दाखेरि आफ्नै देशमा

त्यो सीप सिकाउने खालको बाताबरण निर्माण गर्नुपर्छ त्यसको लागि सिटिई भिटिबाट अल्पकालिन तालिमहरु ३ महिने, ६ महिने तालिमहरु दिने योजनाहरु प्रदेश सरकारले ल्याउनुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । अर्को पर्यटन प्रवर्द्धनबाट देशकै एउटा नमुना बनाउनका लागि हामीले यो गौरीफण्टा, दिपायल, बभ्काङ्ग, उरैभन्ज्याङ हुदै मानसरोवर जाने बाटोको लागि २४१ किलोमिटर बाटोको डिपिआर गर्ने कुराहरु यो राष्ट्रिय गौरवको योजना हुन सक्या छैन सकिन्छ राष्ट्रिय गौरवको योजना बनाऔ र त्यसमा बजेट विनियोजन गर्न लगाऔ सकिदैन भने यसलाई प्रदेश सरकारले गरौ किन भने दशौ हजार ईण्डियनहरु, दशौ हजार भारतिय चाहि एउटा धर्मालम्बीहरु मानसरोवर जानकालागि यो बाटो भएर जान्छन् हाम्रा होटेल व्यवसायहरु स्वतः संचालनमा आउछन्, हाम्रा गाडि मोटर ईत्यादि स्वतः संचालनमा आउछन् यो प्रदेशले एउटा स्वरोजगारी हुने र धनी बन्ने अवसर प्राप्त गर्छ यसलाई ध्यान दिनुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु । त्यसै गरिकन प्रदेशमा भएका करिब आधार जनसंख्या ३० लाख जनसंख्या मध्येको १६ लाख भन्दा बढी जनसंख्या भएको महिलाहरुको कार्यक्रम गत बर्ष हामीले एउटा द्वारिका देवी ठकुरानी महिला शसक्तिकरण कार्यक्रम संचालन गर्यौ त्यसमा करिब १ करोड ८५ लाख रुपैया बजेट विनियोजन गरियो हामीले जनप्रतिनिधी मार्फत त्यो कार्यक्रम संचालन गर्छौ र प्रदेशका महिलाहरुलाई केहि नभए पनि अंकमा तोकेर प्रदेशका महिला, युवा महिलाहरुलाई हामीले स्वरोजगारी बनाउछौ र उनिहरुलाई बचाऔ भन्ने होईन हात थाप्ने होईन उनिहरुलाई कम्तीमा पनि समान पुरुष समानको स्तरको एउटा जनशक्ति तयार गर्छौ भनेर भन्यो तर एनजिओ मार्फत ती कार्यक्रमहरु गरे हामीले त्यसलाई न कुनै निर्णय गर्न पायौ न चाहि कुनै किसिमको डिसिजन गर्न पायौ त्यस्तो किसिमको कार्यक्रमहरु गर्न हुदैन भन्ने कुरा म राख्न चाहान्छु र यसलाई जनप्रतिनिधीहरु मार्फत संचालन गर्ने गरिकन राख्नुपर्छ । त्यस्तै गरिकन जनतालाई आवासको अधिकार दिनुपर्छ त्यो एउटा चाहि प्रदेश सरकारको मुल अविष्ट हो तर यो भन्दैमा बढ्दो बसाई सराई अहिले त पहाडबाट तराईतिर बसाई सराईको अवस्था हेर्ने हो भने मान्छे ऐलानी जमिनहरु, सरकारी जमिनहरु पुरा भरिभराउ छन् पुरा भ्कुप्रा थापेर बसिराछन् ती लालपूर्जावाला मान्छे होईनन भने तिनिहरुलाई राज्यले जिम्मा लिनुपर्छ होईन भने जहाबाट आएका हुन त्यहि फिर्ता गर्नुपर्छ त्यो क्षेत्रमा पहाडमा सम्भावना देखाउने कामहरु प्रदेश सरकारको नीति कार्यक्रम र बजेटमा आउनुपर्छ भन्ने कुरा राख्न चाहान्छु । त्यस्तै गरिकन प्राविधिक शिक्षालाई बढी महत्व दिनुपर्छ अब सवा एक बर्षमा त हामीले एउटा स्पष्ट सपना देखेनौ देखेनौ अबका दुई बर्षका आर्थिक बर्षहरुमा हामीले सपना देखेर जाने होईन भने हामी कुइरोको काग हुन्छौ त्यस कारणले गर्दा खेरि माननीय मन्त्रीज्यूलाई यि आयका सबै सुझावहरुलाई ईन्करर्कोरेट गरेर प्रदेशको नीति कार्यक्रम एउटा स्पष्ट दृष्टिकोणका साथ अब हामी दुई बर्ष बाँकी रहेका अवधिमा हामीले प्रदेशलाई यस्तो बनाउछौ भन्ने कुराहरु चाहि उसमा आवस र निरन्तर यो चेन्ज नहुने किसिमले अर्को बर्षमा कन्टीन्यू हुने तर ब्रेकडाउन नहुने किसिमले एउटा योजना नीति कार्यक्रमहरु ल्याउँनको लागि सुझाव दिन चाहान्छु र अन्त्यमा म भन्न चाहान्छु जनताको विकास रोज्ने अधिकार सुनिश्चित हुन्छ र राज्य त्यसको चाहि दायित्व लिन्छ राज्यले तर हामीले विगतमा जे अभ्यास गरेका छौ निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अथवा कोषको व्यवस्थापन गर्यौ त्यसले विभेद सृजना गरेको छ महिलाहरुलाई विशेष गरिकन समानुपातिक प्रणालीमा आएका मान्छेहरुलाई त्यसमा सहभागि हुने अवसर दिईएको छैन । हाम्रो निगाहाबाट जनताले पाउने जनताको अधिकारबाट विकास रोज्ने किसिमको अधिकार कटौती हुने किसिमले जुनचाहि हामीले विगतमा यो आ.व.मा गतिविधि गर्यौ यो टोटल बन्द हुनुपर्छ दिईन्छ

भने ५३ जनालाई समान ढंगले दिनु पर्छ दिईदैन भने निर्वाचन क्षेत्र पूर्वाधारको नाममा कसैलाई पनि एउटा चाहि कृपा पात्र बनाउने जनतालाई कृपा पात्र बनाउने हामी ठेकेदार बन्ने किसिमको प्रवृत्ति अन्त्य हुनुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु र प्रदेश सरकारको आगामी नीति कार्यक्रमहरु अत्यन्तै फलदायि होस प्रदेशका जनतालाई यसले छुन सकोस भन्ने शुभकामना दिदै विदा हुन्छु धन्यवाद ।

माननीय श्यामलाल राना :- माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति सरकारको तर्फबाट प्रस्तुत भएको छ । र यो दस्तावेज हेर्दाखेरिमा सरसरती सबै क्षेत्रलाई सांकेतिक रुपमा समेटेको मैले महसुस गरेको छु कुरा के हो भने यसलाई बजेटमा यथार्थ रुपमा कसरी चित्रण गर्ने हो त्यो हेर्न बाँकी छ विगतमा हामीले दुई वटा कार्यक्रमहरु हेरिसक्यौ यसलाई बस्तुपरक ढंगले यथार्थपरक रुपमा चाहि व्यापक छलफल गरेर नलगिएको कारणले हामी विगतका बजेटहरु हाम्रो सहि ढंगले परिचालन नभएको अवस्था मैले महसुस गरेको छु । सबैलाई यो कुरा महसुस भएको कुरा छ त्यस कारणले साथिहरुले माननीय सदस्यहरुले अहिले जुन सुझावहरु प्रस्तुतहरु गर्नु भएको छ म यो सुझावको बारेमा एकदम स्वागत गर्न चाहान्छु कि विगतको नीति र अब आउने नीति हाम्रो यदि यसमा तालमेल भएन भने आफु हिड्दै पाइला मेट्दै भन्ने कुरा हुन्छ त्यस कारणले ती कुराहरुलाई पनि हामीले मध्येनजर गर्नुपर्छ म विशेष गरेर यो कार्यक्रम माथि समृद्ध कुराहरु म राख्न चाहान्छु । आर्थिक बर्ष २०७५०७६ को बजेटबाट शुरु गरिएका जुन योजनाहरु छन् र संघीय सरकारबाट प्राप्त भएका हस्तान्तरण भएका जुन अधुरा निर्माणाधिन योजनाहरु छन् तिनिहरुलाई कार्यालयबाट तथ्यांक लिएर तिनिहरुलाई निरन्तरता दिनुपर्छ भन्ने मलाई लाग्छ धेरै योजनाहरु अलपत्र परेका छन् । तिनिहरुलाई लक्ष्य अनुरुप यो चालु आर्थिक बर्षमा सम्पन्न नभएका योजनाहरुलाई आगामी आर्थिक बर्षमा तिनिहरुको डिपिआर र ईष्टिमेट बमोजिमको प्राप्त बजेटको व्यवस्था गरिनुपर्छ भन्ने म सुझाव दिन चाहान्छु र बर्षौ देखि चलनभोग गरिआएका यस प्रदेशमा बसोबास गर्दै आएका जनताहरुले दुईवटा तर्फबाट नोक्सानी व्यहोर्दै आएका छन् एउटा त लालपूर्जा नपाएको अवस्था छ बैंकमा धितो राखेर ऋीण लिन नसक्ने अवस्था छ भने अर्कोतिर राजश्व पनि डुविरहेको अवस्था हुनाले त्यो नीति पनि सरकारले अवलम्बन गर्नुपर्छ भन्ने कुरामा अनुरोध गर्न चाहान्छु र सानो सानो टुक्रामा विभाजित जुन जग्गाहरु छ दुईकिलोमिटर तिनकिलोमिटरमा दुईकट्ठा, चारकट्ठा यसरी भएका किसानहरुले सहि ढंगबाट कृषि गर्न सकेका छैनन चाख्लाबन्दी कसरी गर्न सकिन्छ र तिनिहरुलाई त्यस प्रति कसरी प्रोत्साहन गर्न सकिन्छ राजश्वमा छुट गरेर हुन्छ कि कुनै कार्यक्रम मार्फत तिनिहरुलाई प्रोत्साहन गरेर त्यो नीति ल्याउनु पर्छ भन्ने म अनुरोध गर्न चाहान्छु साथै कृषिमा बढी उत्पादन गर्नको लागि यहा साना सिंचाई सताहा सिचाई र डिप टेबलको कुराहरु आएको छ विगतमा पनि ती कुराहरु आएका छन् मैले विगतमा पनि यो कुराहरु राखेको छु कि बोरिङ्ग छ, मोटर छ तर हामी सँग कृषिको मिटर छैन तपाई यथार्थ रुपमा गाउमा गएर सोध्नुहोस उहाहरुले कृषिको मिटर पाएको छैन एकघर एक कृषि मिटरको अवधारणा ल्याउनुपर्छ यसले धेरै परिवर्तन ल्याउन सक्छ हामी भण्डारणको कुरा गर्छौ । उत्पादनको कुरा हामी छोडि राख्या हुन्छौ त्यस कारण त्यो उत्पादन गरौ जसको जुन बन्जर भुमि छ, उत्पादन गर्न सकिने भुमि छ त्यसलाई पूर्ण रुपमा सिन्चीत कसरी गर्न सकिन्छ त्यसतर्फ चाहि बजेटलाई हामीले आगामी दिनमा ल्याउनुपर्छ भन्ने मैले म अनुरोध गर्न चाहान्छु । साथै स्थानीय स्रोत र साधनको सदुपयोग गर्ने र रोजगारी सृजना गर्न सकिने उद्योगधन्दाहरुमा राहात दिन सकिने, करमा राहात निश्चित

प्रक्रियामा सहुलियत कसरी दिन सकिन्छ त्यसतर्फ बजेटको कार्यान्वयन गर्नुपर्छ भन्ने मलाई लाग्छ र राज्यको पहुचबाट टाढा भएका जुन अल्पसंख्यक किसिमका जातिहरु जुन दुरदराजमा पिछडाबर्गहरु छन् तिनिहरुले अनुभुत गर्न सकिने विशेष कार्यक्रमहरु पनि संचालन गरिनुपर्दछ र माननीय सदस्यहरुले राखिसक्नुभयो समानुपातिक निर्वाचित सांसदहरुलाई जुन भुमिकाविहिन बनाइएको छ यो अत्यन्त एकदम ठिक कुरा होइन किन भने बरु कार्यविधि बनाइयोस कार्यविधि बनाएर कसरी त्यलाई नियन्त्रण गर्न सकिन्छ । सबैलाई समान भुमिका दिनुपर्छ भन्ने म अनुरोध गर्न चाहान्छु यो नीतिमा ल्याउनुपर्छ र आगामी बजेटको उसमा ल्याउनुपर्छ र खास गरेर कृषि उपजलाई बढाउनका लागि विगतमा कृषि विकास बैंक थियो कृषि विकास बैंकले कृषकका समस्याहरुलाई सम्बोधन गर्ने, कृषकलाई ऋण दिने व्यवस्थाहरु थियो अहिले तपाई साना किसानहरुले ऋण नपाईरहेको अवस्था छ जति पनि बैंकहरुले व्यवसायका लागि ऋण दिने, घर बनाउनको लागि ऋण दिने, जग्गा किन्नको लागि ऋण दिने तर फलफुल खेति, पशुपालन, अन्नबाली, उखुखेति लगायत मेशिनरि औजारमा औजारमा अनुदानको व्यवस्था जुन हिजो थियो त्यो अहिले छैन । त्यस कारणले यस्तो बैंकलाई बढी कृषिमुखि कसरी गराउन सकिन्छ । स्थानीय तहमा ती बैंकहरुको स्थापना गरिनुपर्छ भन्ने म अनुरोध गर्न चाहान्छु र विगतमा त्यसैगरि नेशनल ट्रेडिङले धेरै कृषि औजारहरु वितरण गर्थ्यो अहिले नेशनल ट्रेडिङ थला परेको छ । कृषि औजारलाई जनता समक्ष सहुलियत ऋणमा कसरी वितरण गर्न सकिन्छ त्यसलाई मध्येनजर राख्नुपर्छ आगामी बजेटमा हामीले यसलाई पनि समेट्नुपर्छ सुशासन विधेयक हामीले पारित गरेका छौ सुशासन विधेयकमा टेकेर बजेटको बैंक बनाउदा खेरिमा हामी सबै माननीयहरुको व्यापक छलफल गरेर हिजो हामी विगतमा व्यापक छलफल नगरेको कारणले पनि हामी अगाडी बढ्न सकेका छैनौ । मलाई लाग्छ धेरै यहा माननीय साथिहरु आफ्नो सुझावहरु राख्नुभएको छ र यसलाई व्यापक छलफल गरेर कसरी बढीसेबढी उत्पादनमुखि, फलदायि बनाउन सकिन्छ अब हामी सँग बाँकी दुई आर्थिक बर्षहरु मात्रै छन् तेस्रो आर्थिक बर्षबाट हामीबाट धेरै कुराहरु होला भन्ने मलाई लाग्दैन किन भने हामीले विगतमा हामी पनि स्थानीय सरकारमा बसेर काम गरिसकेका व्यक्ति हुन र मलाई लाग्छ एउटा कुरा धेरै गम्भिर कुरा साहेद म पनि मन्त्री भए भने काम गर्न सक्दैन कि जस्तो लाग्छ संसदहरुले लड्नुपर्छ बजेटका लागि मन्त्रीहरुले आफुखुशी आफ्नो क्षेत्रमा फालाफाल बजेट पनि हाल्नुहुन्छ त्यो आफ्नो ठाउमा छ तर अन्तिममा त्यो बजेट कस्को जिम्मा जान्छ निर्माण व्यवसायहरुको जिम्मा जान्छ निर्माण व्यवसायहरु कस्ता छन् हामीले देखिराख्या छौ एउटा निर्माण व्यवसायले एउटा काम गर्न नसकेर दश ठाउमा हात हालेको छ धेरै योजनाहरु अलपत्र परेका छन् काम गर्न सक्या छैनन अर्को योजनामा हात हालेको छ त्यलाई कसरी नियन्त्रण गर्न सकिन्छ ती कुराहरुलाई पनि हामीले मध्यनजर गर्नुपर्छ मलाई लाग्छ यहिनिर धनगढी उपमहानगरपालिका सँग जोडिएको मेरो जिल्लामा ५ बर्षमा बनाउनुपर्ने पुल अहिले सम्म ७ बर्ष भैसक्यो २५ प्रतिशत मात्र काम भएको छ भनेपछि सबै कुराहरुमा यहि छ चाहे बाटोमा होस, चाहे पुलमा होस त्यो कुरा कसरी नियन्त्रण गर्नेहो हामीले त्यो कुरालाई मध्येनजर गर्न सकेनौ भने तपाईहरु बजेट जति हाल्नुहोस केहि हुनेवाला छैन र बजेटलाई टेण्डर गरिसकेपछि घटाघटमा टेण्डर भयो । बजेट केहि बाँकी रह्यो भने बाकी उपभोक्ता समिति गठन गरेर त्यसलाई कसरी सदुपयोग गर्न सकिन्छ त्यतातिर पनि ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ ती कुराहरु पनि नीतिमा ल्याउनुपर्छ, बजेटमा पनि ति कुराहरुलाई समेट्नु पर्छ र विशेष गरेर यहा साथिहरुले भनिसक्नुभयो अब यो म त यो धेरै सुनेको बुरजुवा शिक्षालाई विस्तापित गरिनुपर्छ , व्यावहारिक र टेक्नीकल

शिक्षालाई कसरी अगाडि बढाउने ती टेक्नीकल शिक्षा पढाउने विद्यालयहरुलाई बढीसे बढी कसरी अनुबांगत दिन सकिन्छ त्यसतर्फ पनि बजेटले आफ्नो नीति र सिद्धान्तमा अगाडि बढोस भन्ने म चाहान्छु त्यस कारण यो नीति र सिद्धान्तलाई प्राथमिकता जुन दिइएको छ मलाई लाग्छ सांकेतिक हिसाबले यो ठिकै छ तर यो कागजी हिसाबले मात्रै सिमित नराखेर यसलाई यथार्थ रुपमा चित्रण गरेर बजेटमा ल्याउनु पर्छ व्यापक छलफलमा होईन भने अर्थमन्त्रीको यो फुर्ति मात्र हुने छ भन्ने भनाई राख्दै विदा हुन्छु धन्यवाद ।

माननीय प्रेम प्रकाश भट्ट :- माननीय सभामुख महोदय, हामी आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिको बारेमा हामी छलफल गरिराखेका छौ र यो छलफल गर्दाखेरि हामीले २०७५।०७६ को बजेटको बारेमा समिक्षा पनि गर्नुपर्ने हुन्छ जस्तो लागेको छ र जुन हामीले २०७५।०७६ को बजेट बनाएका थियौ त्यसले एउटा प्रदेश गौरवका थुप्रै योजनाहरु र कार्यक्रमहरु त्यस किसमबाट ल्याएको थियो ती योजना र कार्यक्रमहरु अहिले हामीले कुनै पनि महत्वकांशी योजनाहरु कार्यान्वयन भएको जस्तो लाग्दैन र यो के कारणले हो र यसको बारेमा पनि हामीले एउटा समिक्षा गर्नुपर्छ यदि कर्मचारीको कारणले हो अर्थात सरकारमा रहेका हाम्रो मन्त्रीज्यूहरुका कारणले हो अर्थात यो प्रदेशमा विकास गर्नका निमित्त अझ हामीले पछाडि नै परिराख्नुपर्ने र त्यो आएको बजेट पनि सदुपयोग नहुने खालको अवस्था किन भयो भन्ने बारेमा पनि एउटा खाले समिक्षा गर्नु पर्छ थुप्रै खाले योजनाहरु छन् हामीले त्यस किसिमबाट ल्याएका ति थुप्रै योजनाहरु मध्ये कुनै पनि महत्वपूर्ण र महत्वकांशी योजना एउटा पनि लागु भएको छैन हामीले प्रदेश बस सेवाको लागि भनेका थियौ, हामीले एउटा उद्योग मन्त्रालय भित्र कृषिका लागि हामीले त्यस किसिमबाट, खाद्यान्नका लागि हामीले बजेट छुट्याएका थियौ र त्यस्तै गरेर थुप्रै खप्तडमा हामीले थुप्रै बजेट छुट्याएका थियौ त्यस्तै ठुलठुला महत्वकांशी योजना अहिले लागु भएका छैनन र विद्युतका लागि अहिले शुरु भैसक्नुपर्ने थियो डि.पि.आर. भएका हामीले एक बर्ष अगाडि डि.पि.आर गर्यौ यो बर्ष डि.पि.आर बर्ष भनेर लगभग बजेट टोटल हामीले डि.पि.आर.मा खर्च गर्यौ जसलाई हामीले २०७४।०७५ को बजेट र त्यो बजेटले डि.पि.आर. गरेका योजनाहरु काहि पनि कार्यान्वयन भएको जस्तो देखिएनन एउटा विद्युतको गृह कहि सुचारु भएको जस्तो कहि देखिएन जस्तै दार्चुलामा ९ मेघावाट, १० मेघावाट नीजि मान्छेहरुले, व्यक्तिगत मान्छेहरुले त्यस किसिमबाट निकाल्याछन् तर सरकारले काहि पनि एउटा विद्युतका लागि हामीले लगानी गर्यौ या हामीले यो आयोजना शुरु गर्यौ भन्ने अवस्थामा हामी छैनौ र त्यसैले गर्दाखेरि अबका दुई बर्षमा पनि हामीले यसलाई कार्यान्वयन गर्न सकेनौ र यसलाई कार्यान्वयन तर्फ अगाडि बढेन भने हामीले जति बजेट छुट्याए पनि र जति एउटा खाले सिद्धान्त, नीति र प्राथमिकता तोके पनि त्यसलाई कार्यान्वयनको पाटोमा जादा खेरि हामीले कार्यान्वयन गर्न सकेनौ भने हाम्रो एउटा त्यस पछि आउने ईनपुट राम्रो देखिदैन भन्ने लाग्छ र जुन किसिमले हाम्रो यो अहिलेको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु ल्याएको छ यसमा १५ वटा बुदामा सिद्धान्त, १० वटा उद्देश्य र ७ वटा प्राथमिकता र ३२ वटा प्रमुख नीतिहरु ल्याएको छ यसमा सबै लगभग समेटिएको छ बाहिर भन्नु पर्ने र त्यस पछि यसमा थप्नुपर्ने त्यस्तो बुदा छ भन्ने लाग्दैन र यो नीति र विधिलाई संका कहानिर भने कार्यान्वयनमा कसरी गर्ने भन्ने मुख्य संका हो जस्तो लाग्छ र त्यसैले गर्दा खेरि अबको नीति बनाउनदाखेरि हामीले बजेटको

एउटा सिद्धान्तलाई एउटा नीतिलाई गर्दा खेरि एउटा उद्देश्य नै के लेख्नुपर्छ जस्तो लाग्छ भने एउटा बुदामा मात्रै यो पिछडिएको बर्गलाई सामाजिक न्याय सहितको सुरक्षा प्रदान गर्ने यसलाई पिछडिएको बर्ग र क्षेत्र पनि हेर्नुपर्छ जसलाई पहाडि क्षेत्र पहाडमा रहेको जुन भुगोल छ त्यो भुगोल खालि हुने अवस्था छ र तराईमा अब थेग्न नसक्ने खालको जनसंख्या हुन्छ त्यो कारणले गर्दाखेरि त्यो भुगोलमा रहेको जनतालाई त्यहि रोक्नका लागि हामीले कसरी त्यहा पूर्वाधारहरु खडा गर्ने, त्यहा कसरी क्याम्पसहरु बनाउने, त्यहा कसरी अस्पतालहरु बनाउने त्यो खालको अवस्था सृजना गर्नका लागि हामीले त्यसका लागि बजेटलाई कसरी विनियोजन गर्ने यो एउटा उद्देश्य त्यो पनि हुनुपर्छ र यदि हामीले १०, १२ बर्ष पछिको अवस्था यदि तराईको हेर्ने हो र अहिलेकै जुन किसिमबाट बसाई सराई भैराखेको छ यो अवस्था हेर्ने हो भने गाउहरु खाली हुने र तराईको जमिन हाम्रो प्रत्येक घरेडिमा रहेका यहाको खाद्य उत्पादन गर्ने जुन कृषि उपज जमिन हो यो एक टुक्रा पनि नरहने अवस्था सृजना हुन सक्छ त्यहि कारणले त्यतातिर भुपरिधि संरचनाहरु, पूर्वाधारका संरचनाहरु, शिक्षा, स्वास्थ्य लगायतका कुराहरुमा हामीले त्यहा त्यस किसिमबाट ध्यान दिनुपर्छ जस्तो लाग्छ र त्यसका लागि अर्को कुरा जुन हामीले स्वरोजगारका कुराहरु ल्याएका छौ र त्यो स्वरोजगार पनि लागु भैराखेको छैन हामीले यो डाटा निकाल्नु पर्छ डेड बर्षको बजेटले कति स्वरोजगार भए भन्ने कुरा आआफ्नो मन्त्रालयबाट कति उद्यमी बने, कतिले एउटा खालबाट व्यवसाय गरे र अब व्यवसायहरुलाई कसरी हामीले प्रोत्साहन दिने आफ्नै फर्म खोलेर आफ्नै लगानी गरेर खोलेका छन् भने त्यसलाई कसरी प्रोत्साहन गर्ने चाहे अनुदानबाट होस, चाहे ऋणबाट होस कसरी त्यसलाई अनुदान गरेर प्रमोट गर्ने हामी अहिले पारिबाट आएको कुहिएको साग खाई राखेका छौ तर हाम्रो बजारमा तरकारीले भाउ नपाएर त्यो महंगो भयो भन्ने खालबाट हाम्रो गाउँघरमै भएको तरकारी बेचिन सकेको छैन त्यो कारणले त्यसलाई कसरी निर्यातलाई कसरी हामीले यसलाई प्राथमिकता दिने प्रोत्साहन दिने भनेका छौ तर आयातलाई कसरी हामीले निरुत्साहित गर्ने त्यो नीति पनि बनाउनु पर्छ जस्तो लाग्छ चाहे त्यो तरकारी अन्न लगायतका अन्य चिनि उद्योग नै किन नहुन अहिले पनि नेपालको चिनी कतिपय बेचिएको छैन गोदाममा थन्किएर राखिएको छ भन्ने पनि सुनिएको छ त्यो कारणले त्यो निर्यात भन्दा पनि हामी भित्रै उत्पादन भएको चिनीलाई कसरी उपयोग गर्ने र त्यस उताको चिनिलाई कसरी निर्यात रोक्ने भन्ने कुरातिर हामीले अबको यो बजेटमा त्यसलाई नीति ल्याउदा देखि नीति तथा कार्यक्रम ल्याउदा खेरि त्यस किसमबाट ल्याउनुपर्छ भन्ने लाग्छ र पहिले कृषि सडक, औद्योगिक सडक अब उद्योगका लागि हामीले उत्खलन गर्ने भनिराखेका छौ र हाम्रा तामाखानिहरु, फलामखानिहरु त्यस्ता खानिहरु छन् त्यहा सम्म पुग्नका निमित्त पहिल्यै किसिमबाट निकालेका पुरानो टेक्नोलोजी अनुसार अब नया टेक्नोलोजी लग्नका निमित्त औद्योगिक सडकको नीति कसरी ल्याउने, कृषि सडकहरुलाई कसरी प्रवर्द्धन गर्ने र यि कुराहरुमा पनि हामीले यि गर्नुपर्छ र अब विदेशमा रहेको जो टेक्नोलोजी छ खास गरेर मुख्यतया अहिले पनि आई राखेको छ ठुलठुला घरहरुमा हामीले सुन्यौ र हामीले देखि पनि राखेका छौ भारतबाट ल्याएका कामदारहरु छन् हाम्रा कामदारहरु भारततिर छन् र तीनि सँग भएको टेक्नोलोजीलाई कसरी सिकाउने भारतकै प्रशिक्षक ल्याएर भए पनि यहा कसरी सिकाउने अथवा विदेशकै प्रशिक्षक ल्याएर पनि त्यो टेक्नोलोजीलाई कसरी सिक्ने र टेक्नोलोजीलाई हामीले कसरी भित्राउने अथवा सीपलाई कसरी भित्राउने भन्ने खालबाट त्यो एउटा बजेट त्यस किसमबाट अबको बजेट आउनुपर्छ र अबको हामीले ल्याउने जो यो अर्थनीति छ अर्थनीतिलाई हामीले कार्यमा प्रस्तुत गर्छौ । त्यो कार्यक्रमलाई लागु गर्ने बेलामा अबको

पुरानालाई एउटा खाले समिक्षा गरेर त्यो बजेटलाई किन कार्यान्वयन गर्न सकेनौ र अबको बजेटलाई कसरी कार्यान्वयन गर्न सक्छौ भनेर अब यसको आर्थिक अर्थतन्त्रमा विकास गर्ने भनेको सुदूरपश्चिमको सबैभन्दा ठुलो के हो भने हाम्रा यहाका नदीहरु हुन यो नदीहरुमा विद्युत उत्पादन गरेर यसले एउटा अर्थ नै जसरी हामी भुटान सबै भन्दा पछाडि थियो एउटा गरिब थियो अहिले उसले सबै भन्दा हाईड्रोपावरमा विकास गरेर आफ्नो अर्थनीतिलाई एउटा धनीदेश जसको ७ हजार डलर पर व्यक्ति ईनकम रहेको छ अहिले पनि हाम्रो हजारमा छ त्यस कारणले गर्दा खेरि हाम्रो सुदूरपश्चिमको ईनकम बढाउनका लागि हाम्रो पानिलाई पानिमा लगानी गर्नुपर्ने छ र त्यसमा सबै भन्दा बढी जोड गरेर हामीले सक्ने कति हो त्यो खालको पूर्वाधार गरेर छिटो सुरुवाद गर्नुपर्छ यो ढिला भएको छ भन्ने कुरा राख्दै यो सिद्धान्त, उद्देश्य र प्रमुख नीतिहरुले सबै क्षेत्र छोएको छ र यसलाई कार्यक्रममा समेटनु पर्छ भन्ने कुरा राख्दै म विदा हुन्छु हवस धन्यवाद ।

***(बोलि सकेपछि)***

१४. **माननीय सदस्यहरु,**

आ.व.२०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ ।

१५.**माननीय सदस्यहरु,**

आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा द्वारा प्रस्तुत गरिएको पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफल २०७६ साल जेष्ठ ७ गते मंगलबार दिनको २:०० बजे देखि हुने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।